# अध्याय एक

# शोधपरिचय

## पृष्ठभूमि

वर्तमान आधारभूत तहको पाठ्यक्रमले नेपाली विषयको सुनाइ, बोलाइ, पढाइ र लेखाइसम्बन्धी विभिन्न उद्देश्यहरू निर्धारण गरेको छ । उद्देश्य प्राप्तिका लागि भाषा पाठ्यपुस्तकमा विभिन्न विधाअनुरूप पाठ्यांश तयार पारिएको हुन्छ । पाठ्यक्रममा निर्धारण गरिएका उद्देश्यहरू प्राप्तिका लागि भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरूजस्तै कविता, कथा, जीवनी, रूपक, निवन्ध, चिठी, दैनिकी, व्याकरणहरू पर्दछन्, जसले विद्यार्थीहरूमा भाषिक सीप सिक्नमा मद्दत गर्दछ । भाषाका विभिन्न सीपहरूमध्ये पठनसीपहरूमा (मौनपठन, द्रुतपठन, सस्वरपठन) र लेखन सीपहरूमा (अनुलेखन, श्रुतिलेखन, सिर्जनात्मक लेखन आदि) जस्ता सीपहरू पर्दछन् । यी सीपहरूको आर्जनमा भाषा पाठ्यपुस्तकले मद्दत गर्दछ । अतः भाषाका माध्यमबाट विद्यार्थीहरूमा भाषिका सीप विकास गर्नुनै नेपाली पाठ्यपुस्तकको मुख्य उद्देश्य रहेको मानिन्छ ।

विद्यालय तहमा लोककथा, पौराणिक कथा, ऐतिहासिक कथा, सामाजिक कथा, मनोवैज्ञानिक कथा र बालमनोवैज्ञानिक कथाहरू समावेश गरिएको छ (पौडेल, २०७४ : ५) । पाठ्यपुस्तकमा कथाहरू समावेश गर्दा उनीहरूको स्तर रुचि र तहलाई ख्याल गर्नु पर्दछ । बालमनोविज्ञानलाई बुझेर त्यही किसिमका कथाहरू पाठ्यपुस्तकमा समावेश गर्न सकेमा भाषाको सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपको प्रभावकारी रूपमा विकास गर्न सकिन्छ । कथा साहित्यको एक रोचक विधा भएकाले यसमा समाजमा घटेका यथार्थ घटना सुख, दुःखहरू समाजका सङ्गति विसङ्गतिहरू छर्लङ्ग रूपमा देखिने गर्दछन् । यसले गर्दा बालबालिकाहरूलाई कस्ता व्यवहार राम्रा हुन्, कस्ता व्यवहार नराम्रा हुन् भनी ज्ञान आर्जन

गर्न सहयोग पुग्नेछ । त्यसैले कथा विधाका माध्यमबाट भाषिक सीपका साथै नैतिक ज्ञान र व्यावहारिक ज्ञानको विकास गर्न सहयोग गर्दछ । यसैगरी उखानटुक्का, लोकोक्ति र आलङ्कारिक युक्ति एवम् प्रक्रियासँग परिचित हुन कथाले सहयोग गर्दछ (पौडेल, २०७४ : ९) ।

साहित्यका विभिन्न विधाहरूमध्ये कथालाई भाषा शिक्षणका लागि प्रभावकारी उपयोगमा ल्याउन सकिने विधाका रूपमा लिइन्छ । मानिसको जीवनजगत्सँग कथाको सम्बन्ध हुने हुनाले कथालाई जीवनजगतसँग अलग्याएर हेर्न सकिँदैन । यस विधालाई कक्षाको आरम्भसँगै विद्यार्थीहरूले सुन्दै र पढ्दै आइरहेका हुन्छन् । विशेष गरी कथा विधाका माध्यमबाट विद्यार्थीमा सुनाइ सीपका साथै बोध क्षमताको पनि विकास गर्न सहयोग पुग्दछ । कथाले भाषाका चारैवटा सीपहरूको विकासमा मद्दत गर्ने हुँदा कथा विधा विद्यार्थीहरूको भाषिक सीप विकासमा प्रभावकारी विधा मानिन्छ ।

यसरी भाषा शिक्षणमा कथाका माध्यमबाट भाषिक सीप विकास गर्ने उद्देश्य राखिएको हुन्छ । कथा विद्यार्थीको तह स्तर र रुचिअनुरूप हुने अत्यन्त आवश्यक देखिन्छ । त्यसैले कक्षा सात र आठमा राखिएका कथाहरू बालकको स्तरअनुरूप हेर्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

**समस्याकथन**

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू प्राप्तिका लागि पाठ्यपुसतकलाई एउटा सामग्रीको रूपमा लिएको हुन्छ । जसमा कथा, कविता, निबन्ध, चिठी लेखन, रूपक विधाका साथै व्याकरण र शब्दभण्डार राखिएको हुन्छ । यी विभिन्न विधामध्ये कथा एउटा रोचक विधा हो, जसका माध्यमबाट भाषाका चारैवटा सीपहरूको विकास गर्न सहयोग गर्दछ । विशेषगरी कथा विधाबाट बालबालिकामा श्रुतिबोध, सस्वरपठन, मौनपठन, पठनबोध

क्षमताको विकाससँगै उखानटुक्काको प्रयोग र शब्दभण्डार क्षमताको विकास गर्न मद्दत गर्दछ । यसरी कथा विधाका माध्यमबाट विभिन्न सीपका नैतिक ज्ञान र व्यावहारिक ज्ञान सिकाउनमा पनि उपयोगी देखिन्छ । बालबालिकाको सिर्जनात्मक क्षमताको विकास गर्न कथा विधा उपयोगी देखिन्छ ।

यसरी कथा विधाले विद्यार्थीको विभिन्न क्षमताको विकास गर्न सहयोग पुग्ने देखिन्छ । त्यसैले कक्षा सात र आठको पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रमअनुरूप छन् कि छैनन् ?, कथा तत्त्वका आधारमा कथाहरूको वर्गीकरण कसरी गर्ने ?, उक्त दुबै कक्षाका नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको भाषिक सीप, व्याकरण तथा शब्दभण्डार आीद आधार तथा ती पाठ्यपुस्तकहरूका के कस्ता कमीकमजोरी छन् ? भनी अध्ययन हालसम्म नभएकोले यस्ता पक्षको अनुसन्धान गर्नमा प्रस्तुत शोधकार्यलाई केन्द्रित गरिएको छ ।

**शोधको उद्देश्य**

क) पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा सात र आठको पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको अध्ययन गर्नु,

ख) कथातत्त्वका आधारमा निर्दिष्ट कथाहरूको विश्लेषण गर्नु,

ग) भाषिक सीप, व्याकरण तथा शब्दभण्डारका दृष्टिले समाविष्ट कथाहरूको तुलना गर्नु ।

**अध्ययनको सान्दर्भिकता /औचित्य**

कुनै पनि विषय क्षेत्रमा गरिने अध्ययन तथा अनुसन्धानको सम्बन्धित क्षेत्रमा महत्त्व हुने गर्दछ । त्यसैले कुनै पनि कार्यको सुरुवात गर्ने क्रममा त्यस कार्यले कुन क्षेत्रमा कस्तो योगदान पुऱ्याउँछ भन्ने कुराको अध्ययन गर्न विषयले यथार्थता प्रस्ट गर्दछ । त्यसैले यहाँ कक्षा ७ र ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलनात्मक अध्ययन गर्न खोजिएको हो । प्रस्तुत शोधकार्यले केही मात्रामा भावी अध्ययन तथा अनुसन्धानमा सहयोग गर्नेछ ।

नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको जे जस्तो अध्ययन भए तापनि कक्षा ७ र ८ को नेपाली पाठ्यपुस्तक कथा विधाको तुलनात्मक अध्ययन भएको छैन । यी दुबै कक्षाका पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू पाठ्यक्रम अनुरूपताका आधारमा छन् कि छैन, पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू संरचना, भाषिक सीप, व्याकरण तथा शब्दभण्डार आधार कस्ता रहेका छन् आदि विषयका बारेमा अध्ययन गर्ने भएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

**अध्ययनको परिसीमा**

शोधकार्य आफैँमा एक जटिल र चुनौतीपूर्ण कार्य हो । शोधार्थीले प्रस्तुत गरेको शोधशीर्षकले अध्ययनको क्षेत्रलाई स्पष्ट किटान गर्न नसकेका अवस्थामा शोधपत्र केकति विषयको अध्ययन गर्ने र के कति विषयको अध्ययन नगर्ने भनी उल्लेख गर्नुपर्दछ । सीमाङ्कन स्पष्ट भयो भने शोध अगाडि बढ्न सक्छ । क्षेत्र स्पष्ट भएन भने शोध सीमाभन्दा बहिर गई उद्देश्यमा नपुग्ने सम्भावना रहन्छ । त्यसैले यो शोधापत्रमा रहेका उद्देश्यहरू पूरा गर्न निम्नानुसार परिसीमित गरिएको छ :

(क) नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा प्रकाशित कक्षा ७ (२०७१) र कक्षा ८ (२०७४) को नेपाली पाठ्यपुस्तकको कथा विधामा अध्ययन सीमित रहेको छ ।

(ख) यी दुबै पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूलाई संरचना, भाषिक सीप, व्याकरण तथा शब्दभण्डारका आधारमा तुलनात्मक अध्ययन गरिएको छ ।

**शोधको रूपरेखा**

प्रस्तुत शोधकार्यलाई निम्नलिखित अध्ययनमा विभाजन गरी अध्ययन अनुसन्धान गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तीन : शोध विधि र प्रक्रिया

अध्याय चार : पाठ्यक्रम अनुरूपताको दृष्टिकोणले कथाहरूको अध्ययन

अध्याय पाँच : कथा तत्वका आधारमा कथाहरूको अध्ययन

अध्याय छ : भाषिक सीप, व्याकरण र शब्दभण्डारका दृष्टिले कथाहरूको तुलना

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको पुनरावलोकन

अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ अनुसन्धान पत्रपत्रिका तथा अन्य श्रव्यदृश्य सामाग्री पढेर, सुनेर, अध्ययन मनन गरेर तिनको सङ्क्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (भट्टराई, २०७३ : १६९) । यसले सम्बन्धित विषयमा त्यसपूर्व के कति अध्ययन अनुसन्धान भएका छन् र के कति काम बाँकी छन् भन्ने कुराको जानकारी प्रदान गर्दछ र अध्ययनको औचित्य पुष्टि गर्दछ । पूर्वकार्यको समीक्षा क्रममा निम्नानुसारको प्रक्रियालाई अवलम्बन गरिएको छ :

**सैद्धान्तिक कार्यको पुनरावलोकन :** लामिछाने र लामिछाने (२०६८) द्वारा लिखित *नेपाली कथा-उपन्यास* नामक पुस्तक प्रकाशित गरिएको छ । यसमा कथा र उपन्यासका शिक्षण गर्ने उद्देश्यले विभिन्न कथाकार र उपन्यासकारका कथा र उपन्यास राखिएको छ । यसमा कथाको परिचय, प्रकार, विभिन्न परिभाषाहरू, विभिन्न आधारमा कथाको वर्गीकरण, कथाका विभिन्न विधासँगको सम्बन्ध, कथाको विकासक्रम आदि उल्लेख गरिएको छ । यसमा कथाको बारेमा विस्तृत कुराहरू उल्लेख गरिएको छ । यसमा कथा शिक्षणका लागि विभिन्न आधारहरू दिइएको छ । यसका साथै यसमा कविता, जीवनी, निबन्ध, रूपक विधा शिक्षणका प्रयोजन र प्रक्रिया उल्लेख गरिएको छ ।

पौडेल (२०७४) द्वारा लिखित *भाषिक विधा शिक्षण* नामक पुस्तकमा कथा शिक्षणको प्रयोजन र प्रक्रिया, विशिष्ट शिक्षण प्रयोजन, विशिष्ट शिक्षण प्रक्रिया उल्लेखका साथै कथा शिक्षणको विधि र क्रम कथा विधा-शिक्षण गर्दा अपनाउनुपर्ने सम्पूर्ण कार्यकलाप, विधि, क्रम र आवश्यकतालाई स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

आचार्य (२०७४) द्वारा लिखित *नेपाली आख्यान र नाटक* नामक पुस्तक जसमा कथाको परिचय, परिभाषा, प्रकार, तत्त्व उल्लेख गरिएको छ। यसका साथै यस पुस्तकले कथाका तत्त्वहरूको वर्गीकरण कसरी गर्ने भन्ने कुरामा सहयोग पुऱ्याएको छ।

**प्रयोगात्मक कार्यको पुनरावलोकन** : खनाल (२०६६) द्वारा *कक्षा चारको मेरो नेपाली किताब र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ। उक्त शोधपत्रमा दुबै पाठ्यपुस्तकको पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन गर्नु, विधाको तुलना गर्नु, उक्त पाठ्यपुस्तकमा देखिएका कमजोरी पत्ता लगाई समाधानका निम्ति सुझावहरू प्रस्तुत गर्नु जस्ता महत्त्वपूर्ण उद्देश्यहरू राखेको पाइन्छ। प्रस्तुत अध्ययनमा शैक्षिक पक्ष, विधा, प्रस्तुति र भाषिक संरचना तथा पाठ्यपुस्तकका सन्दर्भमा आन्तरिक र बाह्य तत्त्वमा मात्र सीमित रहेको छ। साथै पुस्तकालयीय अध्ययन अवलम्बन गरिएको छ। पाठ्यक्रमको अपेक्षित क्षेत्र समेट्न नसकेको, अभ्यास न्यून रहेको निष्कर्ष प्रस्तुत गरिएको छ। यसमा दुई पुस्तक बिचको तुलना कसरी गर्ने भन्ने कुरामा सहयोग पुगेको छ।

बोहरा (२०६७) द्वारा *कक्षा ६ र ७ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको तुलनात्मक अध्ययन* नामक शोधपत्र तयार पारिएको छ। उक्त शोधपत्रमा भाषा शिक्षणीय दृष्टिले निर्धारित कथाहरूको प्रयोजन केलाउनु, छनोट र स्तरणका आधारमा कथाहरूको तुलना गर्नु कथाको संरचना र भाषिक पक्षको विश्लेषण गर्नु, ६ र ७ को पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलना गर्नु जस्ता उद्देश्यहरू राखेर अध्ययन गरेको देखिन्छ। यो शोधपत्र पाठ्यक्रम विकास केन्द्रद्वारा स्वीकृति प्राप्त कक्षा ६ र ७ को नेपाली पाठ्यपुस्तकका कथा विधामा सीमित गरिएको छ। यसका साथै पाठ्यपुस्तकभित्र दिइएका कथाहरूको तुलना, सीप, संरचना अभ्यास जस्ता शिक्षणीय तत्त्वहरूका आधारमा दाँज्ने, वर्गीकरण गर्ने,

स्तर निर्धारण गर्नुमा सीमित गरिएको छ । विभिन्न आधारमा तुलना गरिएकोले कसरी, कुन आधारमा तुलना गर्ने भन्ने कुरामा सहयोग यस अध्ययनले गर्दछ ।

यादव (२०६९) द्वारा *कक्षा १० र ११ को वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको तुलनात्मक विश्लेषण* शीर्षकमा अध्ययन गरिएको छ । पाठ्यक्रम अनुरूपता, कथाहरूको वर्गीकरण, विद्यार्थीहरूको रुचि र स्तर आदिका आधारमा अध्ययन गर्ने उद्देश्य राखेर पुस्तकालयीय कार्यमा अध्ययनरत रहेर वर्णनात्मक विधिको उपयोग गरी शोधकार्य सम्पन्न भएको देखिन्छ । यस शोधकार्यले कक्षा सात र आठ कक्षाको पाठ्यक्रम अनुरूपता, कथाहरूको वर्गीकरण, विद्यार्थीहरूको रुचि र स्तरको कसरी अध्ययन गर्ने भन्ने कुरामा मार्गदर्शन गर्न सहयोग गरेको छ ।

पौडेल (२०७०) द्वारा *कान्तिपुर दैनिक पत्रिकाको कोपिलामा प्रकाशित बालकथाको भाषिक अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा कान्तिपुर पत्रिकामा प्रकाशित २०७२ आषाढदेखि भाद्र मसान्तसम्मका कथालाई लिएको छ । उक्त शोधमा बालकथाहरूको अध्ययन गर्नु, बालकथाहरूमा समानान्तरताको स्थिति पत्ता लगाउनु, विचलनका आधारमा बालकथाहरूको विश्लेषण गर्नु जस्ता उद्देश्य रहेका छन् । कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकाको बालस्तम्भ भएकाले यसले बालमस्तिस्कमा मनोरञ्जनका साथसाथै भाषिक दक्षता बढाउनु पर्ने उल्लेख गरिएको छ । यस शोधपत्रमा कथामा प्रयोग गरिने भाषा सरल, स्पष्ट, वस्तुनिष्ठ, समसामयिक, सन्देशमूलक, बालमनोविज्ञानमा आधारित हुनुपर्ने निष्कर्ष निकालिएको छ । जसले बालकथासम्बन्धी शोधकार्य सम्पन्न गर्ने क्रममा कथाहरूको भाषिक दृष्टिकोणबाट अध्ययन गर्न सहयोग प्राप्त भएको छ ।

भट्टराई (२०७२) द्वारा *कक्षा आठमा समाविष्ट कथाहरूको भाषिक अध्ययन* शीर्षकको शोध अध्ययन भएको पाइन्छ । उक्त शोधको उद्देश्य कक्षा आठको पाठ्यपुस्तकमा प्रयुक्त

कथाहरूको प्रयोग गरिएका विषयहरूको स्थिति पत्ता लगाउनु सादृश्यहरू र समानान्तरता पहिल्याउनु, कथामा प्रयोग भएको कोड-मिश्रणको पहिचान गर्नु रहेको छ । शोधकर्तालाई व्यवस्थित र वस्तुनिष्ठ बनाउन पुस्तकालयीय अध्ययन, व्याख्या विश्लेषणात्मक विधिको प्रयोग गरिएको यस शोधकार्यमा भाषिक संरचनाको परिचय तथा परिभाषाहरू पनि प्रस्तुत गरिएको छ । कथामा पात्रअनुसार भौगोलिक, प्राकृतिक, सामाजिक सादृश्यलाई राम्ररी केलाइएको अनि कोड-मिश्रण र वाक्यको प्रयोगको माध्यमबाट कृतिभित्रको भाषा र भावको अध्ययन गरिएकोले प्रस्तुत शोधकर्तालाई सही मार्गदर्शन प्रदान गरिएको छ ।

भण्डारी (२०७३) द्वारा *कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण* शीर्षकको शोधपत्र तयार गरेको पाइन्छ । उक्त शोधमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको सङ्कलन गर्नु, शब्दलाई वर्णानुक्रममा राखी प्रस्तुत गर्नु राखिएको छ । त्यसपछि पाठ्यपुस्तकबाट सङ्कलित शब्दहरूको उच्चारण स्रोत, व्युत्पति, शब्दवर्ग, अर्थ, उदाहरण जस्ता उद्देश्य राखेको पाइन्छ । यस शोधपत्रले शब्दकोश निर्माणसम्बन्धी विषय लिएर शोधकार्य गर्न चाहने शोधार्थीहरूका साथै पाठ्यपुस्तक लेखक, सम्पादक, शब्दकोश निर्माणको क्षेत्रमा क्रियाशील व्यक्ति र कोशप्रति रुचि राख्नेलाई सहयोग पुऱ्याएको छ ।

ओझा (२०७३) द्वारा *कक्षा नौको नयाँ (२०७३) र पुरानो (२०६४) नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा नौको पुरानो र नयाँ पाठ्यपुस्तकको आन्तरिक र वाह्य पक्षको अध्ययन गर्नु, दुबै पाठ्यपुस्तकमा रहेको समानता र भिन्नताको आधारमा अध्ययन गर्नु, पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन जस्ता महत्त्वपूर्ण उद्देश्यहरू राखी शोधपत्र तयार गरेको पाइन्छ । प्रस्तुत अध्ययन कक्षा नौको नयाँ र पुरानो नेपाली पाठ्यपुस्तकको अध्ययनमा

सीमित भएको देखिन्छ । यस अध्ययन गर्दा पुस्तकालयीय अध्ययन विधि अपनाइएको छ । दुबै पाठ्यपुस्तक पाठ्यक्रमअनुरूपताका आधारमा निर्माण भएको पाइन्छ । निष्कर्षमा पाठ्यक्रमले चारवटै सीपको विकास वा पुस्तक निर्माणमा वैज्ञानिक नियम अङ्गाल्नुपर्ने जस्ता सुझावहरू राखिएको पाइन्छ । नयाँ र पुरानो पाठ्यपुस्तकका बिच के कस्ता आधारमा तुलना गर्ने भन्ने कुरामा यस अध्ययनले सहयोग गरेको छ ।

ढुङ्गेल (२०७४) द्वारा *कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको भाषिक विश्लेषण* शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । चयनका आधारमा कक्षा दशमा समाविष्ट कथाहरूको विश्लेषण गर्न, विचलन र समानान्तरताका आधारमा समाविष्ट कथाहरूको विश्लेषण गर्नु, उक्त कथाहरूमा प्रयुक्त वाक्यहरूको स्थिति पत्ता लगाउनु आदि उद्देश्यहरू राखेर शोधपत्र तयार पारिएको छ । उक्त शोधमा कक्षा दशको पाठ्यपुस्तकका कथाहरूमा मात्र सीमित रहेको पाइन्छ । उक्त अध्ययन कथाहरूमा वाक्यगठनको स्थिति, भाषिक चयन, विचलन र समानान्तरतामा मात्र सीमित रहेको छ । अतः प्रस्तुत शोधपत्रले कथाभित्र निहित भाषा र भावको विश्लेषणका निमित्त भावी पिँढीलाई सहयोग पुऱ्याएको पाइन्छ ।

अर्याल (२०७४) द्वारा *स्नातक तहको अनिवार्य नेपाली पाठ्यक्रममा समाविष्ट कथाहरूको भाषिक अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा स्नातक तहको अनिवार्य नेपाली पाठ्यक्रममा समाविष्ट कथाहरूको भाषिक चयनको अध्ययन गर्नु, प्रयुक्त कथाहरूको भाषिक समानान्तरता पहिल्याउनु, कथामा रहेको भाषिक विचलनहरूको विश्लेषण गर्नु जस्ता उद्देश्यहरू राखी शोधपत्र तयार पारिएको पाइएको छ । उक्त अध्ययनमा स्नातक तहको नेपालीको कथाहरूको भाषिक चयनमा मात्र सीमित रहेको

देखिन्छ । भाषिक समानान्तरता पहिल्याउनुमा सीमित रहेको देखिन्छ । यस अध्ययनले कथा विधाको भाषिक अध्ययन कसरी गर्ने भन्ने कुरामा अध्ययन गरेको छ ।

थापा (२०७४) द्वारा *माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकहरूको तुलनात्मक अध्ययन* शीर्षकमा अध्ययन गरिएको छ । पाठ्यक्रमअनुरूपता, कथाहरूको संरचना, भाषिक सीप विकास आदिका आधारमा अध्ययन गरिएको छ । उद्देश्य राखेर पुस्तकालयीय कार्यमा अध्ययनरत रहेर वर्णनात्मक विधि अपनाई उक्त शोधकार्य सम्पन्न भएको देखिन्छ । उक्त पाठ्यपुस्तकमा लोक, आधुनिक, पौराणिक, ऐतिहासिक, मनोवैज्ञानिक कथा, सामाजिक कथा र पौराणिक कथाहरूको तुलनात्मक अध्ययनबाट तिनमा रहेका सकारात्मक र नकारात्मक पक्षको तुलना विषयवस्तुका रूपमा समेटिएको पाइन्छ । समग्रमा यस अध्ययनले भविष्यमा निर्माण हुने पाठ्यपुस्तक समयानुकूल स्तरयुक्त र परिमार्जन गर्न विशेष टेवा पुऱ्याउने कथाका सम्बन्धमा विभिन्न समीक्षा, टिप्पणी र विश्लेषण गर्दा तुलनात्मक अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

उल्लिखित अध्ययनहरूको निष्कर्षलाई हेर्दा पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको बारेमा विभिन्न कक्षामा विभिन्न तरिकाले अध्ययन भए तापनि कक्षा सात र आठको अहिलेसम्म अध्ययन नभएकाले उक्त शीर्षकमा शोध गर्न लागिएको हो । यो नितान्त नयाँ शोधकार्य हो । कक्षा सात र आठको पाठ्यक्रम अनुरूपताका आधारमा पाठ्यपुस्तकको तुलना गर्नु, भाषिक संरचना, भाषिक सीप, शब्दभण्डार आदिका आधारमा यस अध्ययनलाई अगाडि बढाइएको छ ।

**सैद्धान्तिक परिचय**

कक्षा सात र आठको पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलनात्मक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा कथाको सैद्धान्तिक अध्ययन निम्नानुसार प्रस्तुत गरिएको छ :

**परिचय** : कथा एउटा ज्यादै लोकप्रिय र अति प्रचलित विधा हो । कथाको प्रचलन सृष्टिको उत्पतिसँगै भएको अनुमान गरिन्छ । कथा 'कथ्' धातुमा 'आ' प्रत्यय लागेर बनेको हो । कथा अङ्ग्रेजी भाषाको अनुबाद 'सर्ट स्टोरी' नेपालीमा आएको हो । भन्ने र सुन्ने परम्परामा बाँचेको दन्त्य कथामा स्वाद लिने वाचक र श्रोताबिचको तादात्म्य नेपाली जीवनको विशिष्ट परम्परा हो । हाम्रो समाजमा पौराणिक, लोककथाको परापूर्वका कालदेखि प्रचलनमा रहेको पाइन्छ । पुस्तामा एकअर्काले जानेका कथाहरू एक अर्कामा हस्तान्तरण गरेको पाइन्छ ।

कथालाई भाषा सिकाई क्रियाकलापको आधारमा रूपमा लिइन्छ । भाषाको सिकाइ अन्य सीपहरूको सिकाइ जस्तै हो, त्यसैले भाषाका सबै सीपको विकास गर्न सहयोग पुऱ्याउने सरल र लोकप्रिय विधाका रूपमा कथाका रूपमा कथा विधा नै मानिन्छ । नेपाली वृहत् शव्दकोशले गद्यमा लेखिएको आख्यानात्मक प्रबन्ध काव्यको यथाशक्य र छोटो रूपलाई कथाका रूपमा लिएको पाइन्छ । भाषा सिकाइलाई प्रभावकारी बनाउन र महत्त्वपूर्ण क्रियाकलाप संचालन गर्न भाषा पाठ्यपुस्तकमा कथा राखिन्छ । शिक्षणसिकाइका लागि सबै विषयमा शिक्षण सामग्रीहरू प्रयाप्त हुँदैनन् । त्यसैले विविध विधालाई नै भाषिक सीप विकासका लागि सहायक सामाग्रीका रूपमा प्रयोग गरेको पाइन्छ । त्यसमध्ये कथा एक सरल कथा सहायक सामाग्री मानिन्छ ।

सिकाइलाई गतिशील र प्रभावकारी बनाउने उद्देश्यले पाठ्यक्रममा कथा विधा राखेको पाइन्छ । पाठ्यविषयको सबलीकरण, बोध र नयाँ सामाग्रीको प्रयोग एवम् सीप विकासमा कथा विधा सबैभन्दा उपयुक्त मानिन्छ । कथा शिक्षणीय सामाग्रीको विकास गर्ने दृष्टिले आवश्यक क्रियाकलापहरूको व्यवस्थाद्वारा शिक्षण गर्नु पर्दछ । जसबाट मानसिक र शारीरिक रूपले भाषिक सीपमा गतिशिलता आउँछ ।

भाषा पाठ्यक्रमका उद्देश्यहरूको र पाठ्यपुस्तकमा दिइएका पाठ्यसामाग्रीहरूको समग्र प्रतिनिधित्व हुने गरी कथा राखिनु जरुरी हुन्छ । पाठ्यक्रमको निर्माण नै सीपपरक दृष्टिले गरिने हुनाले कथाहरू पनि सोहीअनुरूप हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा दिइने कथाहरूलाई भाषिका सीप विकासका सामाग्री र पठन बोधसँग सम्बन्धित गरिनुपर्दछ । भाषिक सामाग्री भन्नाले शव्दभण्डार, वाक्य संरचना, भाषा तत्त्व आदिलाई लिन सकिन्छ भने पठनबोध भन्नाले पाठमा आधारित विषयवस्तुहरू पर्दछन् । यसरी विभिन्न दृष्टिकोणबाट विद्यार्थीहरूलाई सधै व्यस्त बनाइरहने किसिमका कथाहरूको छनोट गर्न सके मात्र भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकका उद्देश्यहरू हासिल गर्न सकिन्छ ।

**कथाको परिचय र परिभाषाः** कथा शब्दको निर्माण संस्कृतको ‘कथ्’ धातुमा ‘अ’ प्रत्यय लागेर ‘कथ’ बनेपछि त्यसमा ‘आ’ प्रत्यय जोडिएर कथा भएको हो (लामिछाने र लामिछाने, २०६८ : २) । मानवीय सभ्यताको विकाससँगै कथाको पनि विकास भएको मानिन्छ । कथा कथन परापूर्वकालदेखि भएपनि लिखित रूपमा प्राथमिक काल (१८२७) देखि भएको मानिन्छ । कथाका विभिन्न स्वरूपहरू रहेका छन्, जसमा लोक, पौराणिक, तिलस्मी, ऐतिहासिक, लौकिक आदि पर्दछन् । आधुनिकताको विकाससँगै कथामा पनि कथाहरू लेखिएको पाइन्छ । मानव जीवनको हरेक क्षणमा घटेका घटनालाई विषयवस्तु बनाएर कथा

लेख्न सकिन्छ । यस्तै कथाका बारेमा विभिन्न विद्वान्हरूले आ-आफ्नो धारणा प्रस्तुत गरेका छन् :

**पूर्वीय विद्वान्हरूको दृष्टिकोणमा**

(क) भामहका अनुसार - "सत्य घटनामा आधारित आख्यान कथा हो" ।

(ख) कौटिल्यका अनुसार - "धर्मशास्त्र, अर्थशास्त्र र इतिहासमा आधारित आख्यानात्मक रचना कथा हो" ।

(ग) लक्ष्मीप्रसाद देवकोटाका अनुसार - "छोटो किस्सा एउटा सानो झ्याल हो, जहाँबाट सानो संसार चियाइन्छ..... यो एउटा संसार हो र महान संसार हो" ।

(घ) ईश्वर बरालका अनुसार - "कथा कलात्मक इतिवृत्ति र अनन्त आभास दिएर पाठकमा चाख जगाइराख्ने घटनाको विवृत्ति समेत गर्ने कृति हो" । (आचार्य, २०७४ : ४)

**पाश्चात्य विद्वान्हरूका दृष्टिकोणमा**

(क) जेर्का एसेनकहन - "एकै प्रमुख घटना र एकै केन्द्रीय पात्रको चरित्रको उद्घाटन गरिने सङ्क्षिप्त र कल्पनात्मक इतिवृत्त कथा हो" ।

(ख) हड्सन् - "आफ्नै सानो आकारबन्धमा प्रस्तुत हुने पाात्र र घटनाको विविधता तथा जटिलता नभएको इतिवृत्त कथा हो" ।

(ग) स्टेफेन भिन्सेन्ट बेनेटका अनुसार - "कथा त्यो चिज हो, जुन आधा घण्टामा पढिसकिन्छ र जीवनभरी सम्भिन्छ" ।

(घ) मेक्सिम गोर्कीका अनुसार - "कथा भनेको मनुष्य जीवनको गति र अनुभूतिको सशक्त र उज्यालो पक्षको आस्थापूर्ण उद्घाटन हो" । (आचार्य, २०७४ : ५)

उपर्युक्त परिभाषाहरूलाई केलाउँदा कथालाई जीवनको कुनै एक मुख्य घटना, भावदशा वा प्रवृति विशेषको चित्रण गर्दै समाज सुधारको अपेक्षा राख्दै एउटा सानो संसारलाई चियाउने कलामय अभिव्यक्तिको रूपमा परिचित गरिएको अनुभव गर्न सकिन्छ । समष्टिमा मानवीय मस्तिष्क र हृदयलाई आकर्षित गर्ने भाव र विचारको सुन्दर समायोजनमा अनुबन्धित जीवन र जगत् सम्बन्धी कुनै एक पक्षको सजीव चित्रलाई सानो आयतनमा समाहित गरिएको कलात्मक गद्यमय आख्यानात्मक अभिव्यक्तिलाई कथा भनिन्छ ।

**कथाका तत्त्वहरू** : कथा निर्माणका लागि आवश्यक पर्ने अङ्गहरूलाई तत्त्व भनिन्छ । अरू विधाजस्तै कथा निर्माणका लागि विभिन्न तत्त्वहरू आवश्यक पर्दछ । ती हुन्: कथानक, चरित्र चित्रण, परिवेश, भाषाशैली, उद्देश्य, दृष्टिविन्दु आदि ।

*कथानक:* कथानक कथा निर्माणको आधारभूमि हो । यसभित्र पात्रद्वारा घट्ने घटना, गरिने कार्य, सोच र अवस्था एवम् जीवन प्रकृति कथानकका सामाग्री हुन् । केही आवश्यक घटनाहरूको शृङ्खलात्मक, कलात्मक गठन र गुम्फननै कथावस्तु हो । कथानकलाई चरित्र र घटनाहरूको सुव्यवस्थित विन्यास पनि भन्न सकिन्छ (आचार्य, २०७४ : ७) ।

*चरित्र चित्रण :* चरित्रलाई कथाको प्राण मानिन्छ । कथामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आएका व्यक्तिहरूनै चरित्र वा पात्रहरू हुन् । चरित्रलाई कथाका मुटुका रूपमा लिइन्छ । पात्रबिना कथाको कुनै पनि अर्थ रहँदैन । कथामा कथाको उद्देश्य र कथाअनुकूल, स्वभाविक, सहज, जीवन्त र प्रभावकारी किसिमले पात्रको चरित्र चित्रण गरिनु आवश्यक मानिन्छ । समाजमा निम्न, मध्यम र उच्च वर्गका व्यक्तिहरू हुन्छन् । समाजको स्थिति वा

कथालाई सुहाउँदा पात्रहरूको छनोटमा ती वर्गको प्रतिनिधित्व गर्ने किसिमका पात्रहरू हुनु पर्दछ (लामिछाने र लामिछाने, २०६८ : ११) ।

*भाषाशैली:* कुनै भाव वा विचारलाई अभिव्यक्त गर्न आवश्यक वस्तु भाषा हो भने कुनै पनि विचारको अभिव्यक्त गर्ने तरिका नै शैली हो । कथामा पात्रले आफ्नो अनुकूल भाषाको प्रयोग गरी आफ्ना कुराहरू अभिव्यक्त गर्दछ । पात्रले आफ्नो स्तर, वर्ग र क्षमताअनुकूलको भाषाशैलीको प्रयोग गर्दछ । कथा कस्तो स्वरूपको हो त्यस्तै किसिमको भाषाको प्रयोग कथाकारले गराउँदछन् ।

*उद्देश्य:* कथाको अर्को महत्त्वपूर्ण अङ्गका रूपमा लिइन्छ । कुनै पनि कथा लेख्दा कुनै न कुनै उद्देश्य राखिएको हुन्छ । यस्तो उद्देश्य व्यक्ति सुधार, समाज सुधार, नैतिक सुधार, मनोरञ्जन दिने हुन्छ । कथा कस्तो किसिमको हो आदर्शवादी, समाजवादी मनोविश्लेषणवादी, यथार्थवादी त्यही किसिमका उद्देश्यहरू रहने गर्दछन् । कथाकारले नीति चेतना, सुधारवादी भावना, यथार्थबोध, मनोवृत्तिको वर्णन, सौन्दर्यात्मक प्रभाव, आनन्द आदि उद्देश्यले कथाको रचना गरेको हुन्छ (आचार्य, २०७४ : १०) ।

*परिवेश:* परिवेश भन्नाले देश, काल, वातावरण भन्ने बुझिन्छ । यो कथाको महत्त्वपूर्ण तत्त्व हो । परिवेशलाई आन्तरिक र बाह्य गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । वाह्य पक्ष भौतिक जगतसँग सम्बन्धित देखिन्छ भने आन्तरिक पक्ष पात्रको मानसिक पक्षसँग सम्बन्धित देखिन्छ । त्यसैले कथामा मानव समाजको सशक्त र जीवन्त रूप प्रस्तुत भएको हुन्छ ।

*दृष्टिविन्दु :* कथामा कथाकारले पात्रलाई भूमिका वरण गराउने पद्धतिलाई दृष्टिविन्दु भनिन्छ (यादव, २०६९ : १८) । कथामा कथाकारले रोजेको ठाउँ वा स्थान मै दृष्टिविन्दु हो । यसबाट कसले कसको कथा भनिरहेको छ थाहा हुन्छ । यो २ प्रकारको हुन्छ । आन्तरिक र

बाह्य दृष्टिविन्दु आन्तरिक दृष्टिविन्दुमा प्रथम पुरुष (म, हामी) शैलीमा कथाको प्रस्तुति गरिएको हुन्छ । यसले आफ्ना मनका कुरा जस्तावको त्यस्तै खोल्ने र अर्काका मनका कुरा बुझ्न सक्ने विशेषता राख्दछ भने कथाको प्रस्तुति तृतीय पुरुष शैलीमा गर्नु बाह्य दृष्टिविन्दु हो । यसमा कथाकारले आफ्नो भाव व्यक्त गर्ने अरू कसैको सहयोग लिन्छ । अर्थात् ऊ कथाबाट बाहिर हुन्छ ।

**विषयका आधारमा कथाको वर्गीकरण** : प्रस्तुत शोधलेखमा सामाजिक कथा, ऐतिहासिक कथा, पौराणिक कथा, मनोवैज्ञानिक वा मनोविश्लेषणात्मक, सामाजिक यथार्थवादी र बालमनोवैज्ञानिक गरी वर्गीकरण गरिएको छ ।

*सामाजिक कथा :* समाजमा घट्ने अनेकौं घटनालाई विषयवस्तु बनाएर लेखिने कथानै सामाजिक कथा हो । समाजमा हुने विभिन्न वर्गीय द्वन्द्व, धार्मिक, सांस्कृतिक, आर्थिक, जातीय विषयवस्तु सामाजिक कथाका विषयवस्तु हुन् ।

*ऐतिहासिक कथा :* इतिहासमा घटेका घटनालाई आधार बनाई लेखिएका कथाहरू ऐतिहासिक कथा हुन् । यस्ता कथामा ऐतिहासिक कथा हुन् । यस्ता कथामा ऐतिहासिक वीर पुरुष तथा इतिहासका घटनासँग सम्बन्धित भएर लेखी कथाहरू पर्दछन् (लामिछाने र लामिछाने, २०६८ : ४) ।

*पौराणिक कथा :* पुराण, वेद, महाभारत तथा अन्य कुनै पनि धार्मिक विषयवस्तुमा आधारित प्राचीन परम्पराको गौरव बढाउने गरी तयार पारिएको कथालाई पौराणिक कथा भनिन्छ । यस्ता कथामा असत्यमाथि सत्यको विजय गरेको शाश्वत नियम पाइन्छ ।

*मनोवैज्ञानिक वा मनोविश्लेषणात्मक कथा:* कथामा उल्लेखित पात्र वा चरित्रको मनको अध्ययन तथा विश्लेषण गरिने भएकाले यसका मानसिक द्वन्द्व, कुण्ठा वा विकृतिको उद्घाटन गरिएको हुन्छ (लामिछाने र लामिछाने, २०६८ : ५) । मानिसमा भएका आन्तरिक

द्वन्द्वलाई उद्घाटन गरेर कथा लेखिनु यस किसिमका कथाको विशेषता हुन् । मानिसका मष्तिस्कमा अचेतन रूपमा रहेका कुण्ठित कुराहरूलाई विषयवस्तुका रूपमा त्यस्ता कथाले लिने गर्दछन् ।

*सामाजिक यथार्थवादी कथा:* समाजको यथार्थलाई चित्रण गर्नु यस कथाको विशेषता हो । समाजका गरिब र पिछडिएका वर्गको यथार्थ चित्रण गर्नु यस कथाको विशेषता हो । विशेषगरी तल्लो वर्गका मानिसको जीवनको सचित्र बयान गर्नु यस कथाको विशेषता हो ।

*बालमनोवैज्ञानिक कथा:* बालबालिकाको मनमा हुने अनेक प्रकारका द्वन्द्वहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गर्नु यस्ता कथाको विशेषता हो । बालबालिकाको मन आवेगलाई चित्रण गरी लेखिएका कथाहरू बालमनोवैज्ञानिक कथाहरू हुन् ।

**कथाविधा शिक्षणको आवश्यकता / महत्त्व** : कथा शिक्षणको आवश्यकतालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकासमा सहयोग पुग्ने,

ख) श्रुतिबोध, सस्वरपठन, मौनपठन र पठनबोध क्षमताको विकासमा पहल गर्नु,

ग) मौखिक कथन क्षमता अभिवृद्धि गरी क्रमबद्ध कथा कथन क्षमता विकास गर्नु,

घ) कथागत विधा स्वरूपको पहिचान गराई रचना कथा रचनासम्बन्धी निर्देशित र स्वतन्त्र सृजनात्मक अभ्यास गराउनु,

ङ) उखान टुक्का, लोकोक्ति र आलङ्कारिक युक्ति एवम् प्रकृयासँग परिचित गराउनु,

च) विविध विषय क्षेत्रका विषयवस्तु र तत्सम्बन्धी पारिभाषिक एवम् प्रविधिक शब्दभण्डार विकास गर्नु (पौडेल, २०७४ : ९) ।

कथा शिक्षण भाषिका विकासका दृष्टिले उपयुक्त देखिन्छ । कथा शिक्षणले विद्यार्थीमा पठन सीप, पठनबोध, कथाकथन सीपका साथै शब्दभण्डार क्षमताको विकासमा मद्दत गर्दछ ।

**कथा विधा शिक्षणका विधिहरूः** प्रस्तुत शोधलेखमा कथा विधा शिक्षणका विधिहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

*व्याख्यान विधि :* व्याख्यान विधि कथा शिक्षणको एउटा पुरानो र परम्परागत विधि हो । यस विधिमा कथा/उपन्यासका विभिन्न तत्त्वहरू (कथावस्तु, उद्देश्य, पात्र, परिवेश, दृष्टिविन्दु, मूलभाव, भाषाशैली आदि) का आधारमा शिक्षकले कक्षामा व्याख्या गर्छन् (पौडेल, २०७४ : ६३) । यस विधिमा शिक्षक व्यख्याकर्ताका रूपमा र विद्यार्थी श्रोताका रूपमा रहन्छन् । यस विधिका माध्यमबाट विद्यार्थीहरू विषयवस्तुमा प्रष्ट हुने गर्दछन् ।

*छलफल/प्रश्नोत्तर विधिः* निर्दिष्ट कथा/उपन्यासलाई कक्षा कार्य वा गृहकार्यका रूपमा पढ्न लगाई तिनका महत्त्वपूर्ण पक्षहरूका बारेमा प्रश्न सोधी विद्यार्थीहरूलाई पाठ्यकथा बुझ्ने प्ररित गर्ने विधि छलफल/प्रश्नोत्तर विधि हो (पौडेल, २०७४ : ६३) । विभिन्न अन्तरक्रिया गरी पाठको बारेमा स्पष्ट हुनका लागि यस विधिले मद्दत गर्दछ ।

*तुलना विधिः* यस विधिमा कुनै त्यस्तै किसिमका कथा वा त्यहीँ किसिमका साहित्यसँग विभिन्न आधारमा तुलना गर्नुनै तुलना विधि हो । एउटै लेखकका कथाहरूसँग वा अरू लेखकका कथाहरूको तुलना गरी निष्कर्ष निकाल्ने काम यस विधिमा हुन्छ ।

*समीक्षा विधिः* यस विधिमा सम्बन्धित कथाका विभिन्न आधारमा समीक्षा गर्न सकिन्छ । यस विधिमा कथाका सवल पक्ष र दुर्वल पक्ष पहिल्याउन लगाइन्छ । यस विधिमा

विद्यार्थीको सक्रिय सहभागिता हुन्छ शिक्षकको भूमिका गौण हुन्छ । यो विधि विशेष गरी माथिल्ला कक्षाहरूमा उपयोगी मानिन्छ ।

*परियोजना विधि :* यस विधिमा शिक्षकले परियोजना कार्यका रूपमा पाठ्यकथाका विविध पक्षहरूका बारेमा पहिल्याउन र सोदाहरण पुष्टि गर्न लगाई सोही कथा वा लेखकका अरू कथाहरू दिई त्यसैका आधारमा विभिन्न विवेचनात्मक कार्य, विश्लेषण, मूल्याङ्कन गर्न दिन्छन् र प्रतिवेदन तयार गर्न लगाउँछन् । यसका माध्यमबाट विद्यार्थीमा खोज, अन्वेषण गर्न सहयोग पुग्ने देखिन्छ ।

*पठनबोध विधि:* यस विधिमा कथाका विभिन्न अंशहरू मौन पठन गर्न लगाई त्यससँग सम्बन्धित प्रश्न गरेर उनीहरूको बोध क्षमताको विकास गर्न सकिन्छ । यस्तै गरी बुँदाटिपोट गर्न, खजमजिएका वाक्यको क्रम मिलाउन लगाएर विद्यार्थीको बोध क्षमताको विकास गर्न यस विधिले मद्दत गर्दछ ।

**निष्कर्ष**

कथा सबैभन्दा पुरानो विधा हो । यस विधाको सुरुवात सृष्टिसँगै भएको अनुमान लगाउन सकिन्छ । परापूर्वकालदेखि नै कथाकथनको परम्परा पाइन्छ । कथा पहिले सुन्ने र सुनाउनेमा सीमित थियो भने लेखन परम्पराको विकाससँगै यसका विभिन्न धारा वा उपधारा रहेका छन् । कथाका माध्यमबाट चारैवटा सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइको विकास गर्न सकिन्छ । विशेषगरी कथा विधाबाट कथन सीप र पठनबोध क्षमताको विकास गर्न मद्दत गर्दछ । विद्यार्थीहरूलाई कथाका माध्यमबाट सस्वरपठन, पठनबोध, घटनावर्णन, विश्लेषण र मौलिक लेखन जस्ता क्षमता अभिवृद्धि गराउन सकिन्छ । निष्कर्षमा भन्दा कथा विधाबाट बोध क्षमताका साथै शब्दभण्डार क्षमताको पनि विकास गर्न मद्दत गर्दछ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

कुनै पनि अनुसन्धान कार्यलाई व्यवस्थित तरिकाले अध्ययन विश्लेषण गर्नका लागि मापदण्ड चाहिन्छ । शोधकार्यलाई विधिवत रूपमा सम्पन्न गर्नका लागि उपयोग गरिने तरिका पद्धति वा प्रक्रियालाई नै शोधविधि भनिन्छ । प्रस्तुत अनुसन्धान पुस्तकालयीय अध्ययन विधिमा आधारित रहेको छ । पुस्तकालयीय अध्ययन विधिका क्रममा विभिन्न किसिमका पाठ्यक्रमका सन्दर्भ पुस्तकहरू भाषा पाठ्यपुस्तकहरू तथा शोधपत्रको सहयोग लिई अध्ययन गरिएको छ । यस अध्ययनमा कक्षा ७ र ८ का पाठ्यपुस्तकमा समावेश कथाहरूको तुलनात्मक अध्ययन शीर्षक राखी निश्चित विधि र प्रक्रियाका आधारमा अध्ययन गरिएको छ ।

## प्रतिनिधि नमुना छनोट

शोधकार्य एक जटिल र अनुसन्धानात्मक कार्य हो । यस कार्य सम्पन्न गर्नको लागि जनसङ्ख्यालाई नमुनाको रूपमा लिनुपर्दछ । प्रस्तुत शोधपत्रमा प्रतिनिधि नमुना छनोटको रूपमा कक्षा सात र आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट बाह्रवटा कथाहरू मामालाई सुधार्ने भाञ्जो, सात दिने सभा, सुन उर्गेल्ने भाले, बोधिसत्वको कथा, रिस र राक्षस, बाक्लो दाल, भाग्य, मित्रता, एउटा घटना, ठग समातियो, सिंह र स्यालको कथा र स्वाभिमानलाई नमुना छनोटको रूपमा लिइएको छ ।

## सामग्री निर्माण

प्रस्तुत शोध निर्माण कक्षा सात र आठको पाठ्यपुस्तक, पाठ्यक्रम, शोधनिर्देशक, पूर्वजहरूद्वारा गरिएको शोधपत्र, विषय विशेषज्ञ, पाठ्यपुस्तकविद् आदिको सल्लाह,

सुझावद्वारा तयार गरिएको हो । यी माथिका सामग्री तथा सुझावलाई शोध अध्ययनको रूपमा कार्यान्वयनमा ल्याइएको छ ।

**तथ्याङ्क सङ्कलन**

प्रस्तुत शोधपत्रमा तथ्याङ्क सङ्कलन गर्दा दुई तरिका अपनाइएको छ :

**प्राथमिक स्रोत** : तथ्याङ्क सङ्कलन गर्दा आधारभूत तहको कक्षा सात र आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट बाह्र ओटा कथालाई लिइएको छ । कथा शिक्षणको उद्देश्य, कथा संरचना, भाषिक सिप, व्याकरण, शब्दभण्डारका आधारमा विश्लेषण गरी तालिकामा प्रसतुत गरेर प्रत्येक तालिकाको व्याख्या र विश्लेषण गरिएको छ । कथा शिक्षणको प्रयोजन, कथा शिक्षणको उद्देश्यहरू के-कस्तो रहेका छन् र शब्दहरू के-कति पाठमा रहेका छन् आदिको अध्ययन, विश्लेषण गरिएको छ ।

**द्वितीयक स्रोत** : तथ्याङ्क सङ्कलनको द्वितीयक स्रेतको रूपमा कक्षा सात र आठको नेपाली भाषा, पाठ्यपुसतक, पाठ्यक्रम, पुस्तकहरू, पूर्वजहरूको शोधपत्र लगायत शोधनिर्देशकको निर्देशनमा रही अध्ययन गरिएको छ ।

**अध्ययन प्रक्रिया**

अनुसन्धान कार्य गर्नका लागि कुनै न कुनै प्रक्रियाहरूको अवलम्बन गर्नुपर्ने हुन्छ । तसर्थ यस अध्ययनको मूल सामग्रीको रूपमा आधारभूत तहको नेपाली पाठ्यक्रममा केन्द्रित पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूलाई तुलनात्मक अध्ययन प्रक्रियाको प्रयोग गरिएको छ । यस्तै यस शोध अध्ययनका अन्य प्रक्रियाहरू निम्नानुसार रहेका छन् :

**पुस्तकालयीय अध्ययन प्रक्रिया** : शोध अध्ययन क्षेत्रसँग रहेर पुसतकालयमा भएको विभिन्न लेख, रचना, शोधग्रन्थ, पाठ्यपुस्तक, सन्दर्भपरक पुस्तक आदिहरूको अध्ययन गरी

टिपोट गर्ने कार्य पुस्तकालयीय अध्ययन प्रक्रियाअन्तर्गत पर्दछ । यस शोधअध्ययन तयार गर्ने क्रममा पुस्तकालयमा भएका विभिन्न शोधपत्रहरूको अध्ययन, लेख रचनाहरूको गहन अध्ययन गरी शोध अध्ययनसँग सम्बन्धित विषयहरू टिपोट गर्ने कार्य गरिएको छ । त्यसैले यस शोध अध्ययन कार्य गर्नका लागि पुस्तकालयीय विधिलाई महत्त्वपूर्ण प्रक्रियाको रूपमा लिइएको छ ।

**तथ्याङ्कको व्याख्या तथा विश्लेषण**

कक्षा सात र आठको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका बाह्र ओटा कथामा रहेका कथाको संरचना, कथा शिक्षणको प्रयोजन, कथा शिक्षणको उद्देश्यहरूलाई बुँदागत रूपमा लेखिएको छ । कथाभित्र रहेका कथाहरूको संरचना, भाषिक सिप, व्याकरण तथा शब्दभण्डार तुलना र विश्लेषण गरेर तालिकामा प्रस्तुत गरिएको छ । यसको व्याख्या र विश्लेषण अध्याय चारमा विस्तृत रूपमा गरिएको छ ।

# अध्याय चार

## पाठ्यक्रम अनुरूपताका दृष्टिकोणले कथाहरूको अध्ययन

निम्न माध्यमिक (७-८) तहको पठनपाठनको लागि पाठ्यक्रममा विभिन्न विधाहरू राखिएका छन् । ती राखिनुका विभिन्न उद्देश्यहरू रहेका हुन्छन् । कथा विधा भाषिक सिप सिकाउनमा एउटा प्रभावकारी विधा हो । नेपाली भाषाको पाठ्यक्रमले निम्न माध्यमिक तहको अन्तमा विद्यार्थीहरू निम्नलिखित सक्षमता हासिल गर्न समर्थ हुने छन् :

### तहगत सक्षमता

१. मौखिक, लिखित एवम् सञ्चार माध्यमका विषयवस्तुको सुनाइ र पढाइ

२. प्रचलित विधागत र सूचनामूलक सामग्रीहरूको सुनाइ र पढाइ

३. सिकेका कुराको विभिन्न माध्यमबाट अभिव्यक्ति

४. वैयक्तिक र सामाजिक उद्देश्य परिपूर्तिका लागि विविध ढाँचा र शैलीको लेखन

५. भाषिक विविधता पहिचानसहित परिस्थिति र सन्दर्भअनुकूलको अभिव्यक्ति

६. अन्तरभाषिक तथा सांस्कृतिक विशेषताअनुरूप शिष्ट भाषाशैलीको प्रयोग

७. सञ्चार शिल्प र सिकाइका लागि भाषाको प्रयोग

८. निर्देशित तथा स्वतन्त्र रचनाको प्रस्तुति

९. नेपाली भाषाका भाषिक विशेषताप्रति सेचतता र तदनुरूप प्रयोग

१०. दैनिक व्यवहारमा आत्मविश्वासको साथ भाषाको प्रयोग

११. विचारको अभिव्यक्तिमा स्पष्टता तथा विश्लेषणात्मक प्रतिक्रिया

१२. योजना, शोधखोज, विश्लेषण, मूल्याङ्कनका आधारमा धारणा निर्माण

१३. प्रभावकारी सिकाइ, रचनात्मक सोच तथा प्रत्यक्ष सम्पर्कबाट विचारहरूको सिर्जना र समस्या समाधान ।

**पाठ्यक्रममा कथा विधाको क्षेत्र र क्रम**

क्षेत्र भन्नाले विधाले ओगटेको स्थान र क्रम भन्नाले क्रमिकता भन्ने बुझिन्छ । कथा विधाको क्षेत्र निर्धारण गर्दा एकै किसिमका कथाहरू पाठ्यक्रममा राखियो भने पाठ्यक्रमको उद्देश्य पूरा हुन सक्दैन त्यसैले विधा र क्रम राखिँदा विभिन्न विषयवस्तु समावेश हुने गरी पाठ्यक्रम निर्माण गरिनु पर्दछ । त्यसैले कक्षा सात र आठको पाठ्यक्रममा पनि लोककथा, नीतिकथा, पौराणिक कथा ऐतिहासिक कथा र सामाजिक कथाहरू समावेश गरिएको छ । जसको सङ्क्षिप्त परिचय निम्नानुसार प्रस्तुत गरिएको छ :

**लोक कथा**

लिखित स्रोत फेला नपरेका पहिलेदेखि मौखिक रूपमा थाल्दै आएका कथाहरूलाई लोककथा भनिन्छ । यस किसिमका कथाहरू विशेषगरी सांस्कृतिक, ऐतिहासिक जनजीवनका रीतिरिवाजलाई प्रतिविम्बन गर्ने खालका हुन्छन् । पाठ्यक्रमले निर्देश गरेअनुसार कक्षा सातमा एउटा लोक कथा (सुन उर्गेल्ने भाले) र कक्षा आठमा (सिंह र स्यालको कथा) लोककथा पाठ्यपुस्तकमा समावेश गरेको पाइन्छ । यसरी हेर्दा पाठ्यक्रमले ताकेबमोजिम पाठ्यपुस्तकमा लोककथा समावेश गरेको पाइन्छ ।

**नीतिकथा**

पौराणिक नीति एवम् संयुक्तिका आधारमा निर्मित कथाहरूलाई नैतिक एवम् ती कथाका रूपमा लिइन्छ । यी यस्ता कथाहरू व्यक्ति, समूह, समाज र राष्ट्रमूलक हुन्छन् ।

मानिसलाई नीतिगत आदर्शमा डोऱ्याएर उनीहरूलाई सदावारी र अनुशासित बनाउँदै असल नागरिक बनाउने ध्येय यी मस्ताहरूले लिएका हुन्छन् ।

**पौराणिक कथा**

पुराणा वेद, महाभारत, रामायण तथा अन्य कुनै पनि धार्मिक विषयवस्तुमा आधारित प्राथीन परम्पराको गौरव बढाउने गरी तयार पारिएका कथाहरूलाई पौराणिक कथा भनिन्छ । यस्ता कथामा असत्माथि सत्ले विजय गरेको शाश्वत नियम पाइन्छ । सामाजिक नीति चेतना, सञ्चरित्रता, देशप्रेम मानवतावाद तीव्र कर्तव्यबोध आदि पौराणिक कथाका विषयगत परिधि हुन् । कक्षा सातमा पाठ्यपुस्तक एउटा पौराणिक कथा (रिस र राक्षस) छ भने कक्षा आठमा एउटा (मित्रता) कथा समावेश गरिएको छ ।

**ऐतिहासिक कथा**

राष्ट्रको गौरब बढाउने वीर वीरङ्गनाहरूको पराक्रमसम्बन्धी महत्त्वपूर्ण घटनामा केन्द्रित भएर लेखिएका कथाहरूलाई ऐतिहासिक कथा भनिन्छ । यस्ता कथाहरूमा इतिहासका महत्त्वपूर्ण घटना राष्ट्रिय स्वाभिमान, गौरव र वीरताले भरिएका ऐतिहासिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाहरू समेटिएका कथाहरू पर्दछन् । आधारभूत तहको पाठ्यक्रमले निर्देशन गरेअनुरूप कक्षा सातमा ऐतिहासिक कथा समावेश गरिएको पाइँदैन भने कक्षा आठमा एउटा ऐतिहासिक कथा (स्वाभिमान) पाठ्यपुस्तकमा समावेश गरेको पाइन्छ जसमा नेपाल र बेलायतबीचको सुगौली सन्धि हुनपूर्वको विषयलाई कथामा समावेश गरेको पाइन्छ ।

**सामाजिक कथा**

समाजमा घट्ने विभिन्न विषयलाई टिपेर लेखिएका कथाहरू सामाजिक कथा हुन् । समाजका पीडा, दर्द, हर्ष, शोक, आदि जस्ता विविध पक्षलाई टपक्क टिपेर लेखिएको

कथालाई सामाजिक कथा भनिन्छ । दैनिक जीवनमा घट्ने घटनाका साथै सामाजिक विकृति र विसङ्गतिको थप प्रतिक्रियाका माझमा राजनैतिक, आर्थिक, प्राकृतिक अवस्थाको वस्तुपरक एवम् भावपरक चित्रण गर्ने कार्य सामाजिक कथामा कक्षा सातको पाठ्यपुस्तकमा तीनवटा सामाजिक कथा जसमा (मामालाई सुधार्ने भान्जो, सातदिने सभा, बाक्लो दाल) समावेश गरिएको छ र कक्षा आठको पाठ्यपुस्तकमा तीनवटा (भाग्य, एउटा घटना, ठग समातियो) कथाहरू समावेश गरिएको पाइन्छ ।

माथि उल्लिखित ५ किसिमका कथाहरू आधारभूत तहको नेपाली पाठ्यक्रममा समावेश गरिएका छन् । पाठ्यक्रममा उल्लेख भएअनुरूप लोककथा, पौराणिक कथा, सामाजिक कथा पाठ्यपुस्तकमा समावेश गरेको पाइए पनि नीति कथा कक्षा सात र ऐतिहासिक कथा कक्षा आठको पाठ्यपुस्तकमा मात्र समावेश गरिएको पाइएको छ । त्यसैले पाठ्यक्रमले तोकेबमोजिमको पूर्ण रूपमा पाठ्यपुस्तकमा कथाका विधाहरू समावेश गरेको पाइदैन ।

# परिच्छेद पाँच

## कथा तत्त्वका आधारमा कथाहरूको अध्ययन

यस उपशीर्षकअन्तर्गत यहाँ पाठ्यपुस्तकमा भएका १२ वटै कथाहरूले विभिन्न आधारमा चर्चा गरिएको छ । यस्ता आधारहरू देहायबमोजिम छन् :

(क) संरचनागत आधार (ख) भाषिक सिपगत आधार

(ग) व्याकरणगत आधार (घ) शब्दभण्डार

### संरचना आधारमा कथाहरूको विश्लेषण

संरचना भनेको वनावट हो । कुनै पनि कथाको निर्माण के कसरी भएको छ भन्ने कुरा संरचनाले देखाउँछ । कथाको आदि, मध्य, र अन्य भागमा भएका घटनाक्रमले कथालाई रोचकता अर्थात् कौतुहल उत्पन्न गराउँछन् । त्यसैले यस उपशीर्षकअन्तर्गत पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको संरचनाको आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### (क) मामालाई सुधार्ने भान्जो कथाको विश्लेषण

"मामालाई सुधार्ने भान्जो" कथा कृष्णराज चौधरीद्वारा रचित एउटा सामाजिक कथा हो । यस कथामा एउटा ठग मामालाई भान्जाले कसरी सुधारेको भन्ने कुरा विषयवस्तुका रूपमा राखिएको छ ।

यस कथाको विषयवस्तुका रूपमा एउटा चलाख भान्जाले एउटा अल्छी र ठग मामालाई सुधारेको कुरालाई लिइएको छ । दिदी भिनाजुकोमा बसेर आफ्नो सानो भान्जालाई राम्रो कुरा सिकाउनुको सट्टा कसरी ठग्ने भन्ने कुरा मात्र सिकाउने मामालाई चलाख भान्जाले विभिन्न क्रियाकलाप गरेर जस्तै घोडाको लेदोमा चाँदी आउँछ भन्नु, खरायोलाई

खबर पठाउनु जस्ता कुरा गरेर मामालाई ठगेर होइन आफ्नो मिहेनत गरेर मात्र फल प्राप्त गर्न सकिन्छ भन्ने कुरा सम्झाएर सुधार्ने उपाय अपनाएको पाइन्छ ।

यस कथाका पात्रका रूपमा दिदी, भिनाजु, भान्जो, मामा माइजु र घोडा खरायो आएका छन् । यसमा मुख्य पात्र मामा र भान्जा देखिन्छन् भने भान्जो स्थिर पात्र हो र मामा गतिशील पात्र हो ।

यस कथामा सरल किसिमको भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । कक्षा सातका विद्यार्थीका लागि बोधगम्य भाषाशैलीको प्रयोग यस कथामा पाइन्छ ।

यस कथाको मुख्य उद्देश्य भनेको मान्छेले ठगेर ढाँटेर कमाउनु भन्दा पनि आफ्नो मिहेनतले पसिना बगाएर गरिएको काम राम्रो हुन्छ र यसमा सफल भइन्छ भन्ने कुरा रहेको पाइन्छ ।

निष्कर्षमा मामालाई सुधार्ने भान्जो कथाको कथावस्तुको संरचनालाई हेर्दा कथा निकै सफल देखिन्छ । समाजको समस्यालाई विशेष महत्त्वका साथ सामाजिक घटनाहरू, मानवीय मनोवृत्ति टपक्क टिपेर कथाले समाजका सत् र असत् वृत्तिहरूलाई देखाइएको छ । मामाको ठग्ने बानी र त्यस बानीलाई सुधार्न भान्जाद्वारा अपनाइएका उपायहरू यस कथाका विषयवस्तु हुन् । यसबाट के बुझ्न सकिन्छ भने ठग्ने कामभन्दा परिश्रम गर्नु नै उत्तम मानिन्छ ।

### (ख) सात दिने सभा कथाको विश्लेषण

'सात दिने सभा' कथा जनकप्रसाद हुमागाई द्वारा लेखिएको सामाजिक कथा हो । हाम्रो देशमा भएका विभिन्न पाटी, पौवा, अस्पताललगायतका सार्वजनिक क्षेत्रका विभिन्न कुराहरूलाई हामीले जगेर्ना गर्नुपर्दछ भन्ने कुरा विषयवस्तुका रूपमा समावेश गरिएको छ ।

यस कथामा कथानकका सुरुवातमा सागर र सागरकी बहिनी विद्यालय गएको वखतमा पानी परिरहेको बेलामा बाटोमा भएको पाटीको छानो उठाएकाले गंगाको मनमा पिर उत्पन्न हुन्छ र उसले आफ्नो दाइलाई भन्छे तर ऊबाट भत्किए केही मतलब नभएको कुरा गर्दछ भने शुक्रबार उनीहरूको परिवारमा सभा बस्ने गर्दछ । त्यही सभामा गंगाले पाटीको छानो उडाएको कुरा गर्दछे र त्यसलाई पुनः निर्माण गर्न आग्रह गर्दछ र त्यो कुरालाई सभाबाट सम्बोद्धन हुन्छ । त्यसको निर्माण गरेमा सबैलाई सहज हुन्छ र यसको जगेर्ना सबैले गर्नुपर्दछ भन्ने कुरा यस कथामा उल्लेख गरिएको पाइन्छ ।

यस पात्रका रूपमा सागर, गङ्गा, आमा, बुबा, जुरेली जस्ता मुख्य र सहायक पात्रहरू रहेको पाइन्छ ।

यस कथामा सरल किसिमको भाषाशैलीको प्रयोग पाइन्छ जसमा विद्यार्थीले बुझ्ने किसिमको भाषाशैलीको प्रयोग पाइन्छ । यसमा सभाका माध्यमबाट विभिन्न किसिमका शब्दहरू उद्घोषक, अतिथि, सभापतिज्यू, सभाध्यक्ष शब्दहरूको प्रयोग पाइन्छ ।

यस कथाबाट विद्यार्थीहरूमा हाम्रा भएका विभिन्न पाटी, पौवा जस्ता विभिन्न वस्तुलाई जगेर्ना गर्नुपर्दछ भन्ने कुरा सिकाउने उद्देश्य राखिएको पाइन्छ ।

निष्कर्षमा भन्नुपर्दा ‘सात दिने सभा’ कथाका माध्यमबाट आफ्नो परिवारमा एकअर्कामा छलफल गर्नुका साथै हाम्रो समुदायमा भएका विभिन्न पुरातात्विक कुराको जगेर्ना गर्नुपर्दछ भन्ने सन्देश यसमा कथामा दिएको पाइन्छ ।

### (ग) सुन उर्गेल्ने भाले कथाको विश्लेषण

‘सुन उर्गेल्ने भाले’ मातृका तिम्सिनाद्वारा लिखित कथा हो । यो एउटा लोककथा हो । यसमा कसैलाई पनि हप्काएर, दप्काएर वा दुःख दिएर भन्दा मीठो बोली वचन र व्यवहारले सबैलाई आफ्नो पार्न सकिन्छ भन्ने सन्देश दिइएको पाइन्छ ।

यस कथाको सुरुवात अरूण उपत्यकाका किरात राजाहरूको राज्यबाट भएको छ । त्यसकालमा विभिन्न राज्य रहेको र आफ्नो-आफ्नो ठूला राज्य बनाउने महत्त्वकाङ्क्षा त्यति बेलाको राजाको थियो । यसैमा एकजना किराती राजा अरूण उपत्यकामा शान्ति ल्याउने उपाय सोध्न पारुहाङ कहाँ पुगे र राजाहरूबीच भएको शान्ति र विमिति पारुहाङ समक्ष सुनाए । यस्तै पारुहाङले उक्त समस्या समाधानको विचार गरे र पारुहाङ समक्ष आएका राजालाई भाले उपहार दिए जसले सुन उर्गेल्ने गर्थ्यो । भाले सुन विहान बेलुका सुन उर्गेल्थ्यो । त्यसै क्रममा थारो खाने बेलामा भाले फुत्कियो र कसैका पकडमा आउन सकेन । भाले कसैको पकडमा नआउँदा सबै हैरान थिए । त्यसै क्रममा एउटा माझीको राम्रो व्यवहारले त्यो भाले उसको पकडमा आयो र राजालाई बुझायो ।

यस कथाका पात्रका रूपमा किराती राजाहरू, पारुहाङ, माझी र भाले आएका छन् ।

यस कथा लोककथा भएकाले यसको भाषा सरल, शैली पनि सहज किसिमको रहेको पाइन्छ । विद्यार्थीले बुझ्न सक्ने भाषा र शब्दहरू प्रयोग गरिएको पाइन्छ ।

यस कथाको मुख्य उद्देश्य भनेको एक अर्कासँग मिलेर बस्ने र हप्काउने, दप्काउने काम भन्दा पनि मिठो बोलेर मिलनसार भएर वस्नुपर्छ भन्ने ज्ञान दिनु कथाको मुख्य उद्देश्य रहेको छ ।

निष्कर्षमा भन्नुपर्दा सुन उर्गेल्ने भालेको संरचनालाई हेर्दा कथा निकै सफल देखिन्छ । कथाले किरात कालको परिवेशलाई समेटेको छ भने राजाहरू विच भएको बेमेललाई गाली गरेर, हप्काएर भन्दा आपसी भाइचाराको सम्बन्ध राख्न र एकअर्कोसँग मिलेर रहेमा देशको प्रगति उन्नति हुने सन्देश दिन खोजिएको पाइन्छ ।

## (घ) बोधिसत्व कथाको विश्लेषण

बोधिसत्वको कथा एउटा नीति कथा हो । यसलाई नारायण रिजालले लेखेका हुन् । यस कथाको विषयवस्तु मध्यम बोधिसत्वको जीवनबाट विद्यार्थीमा सेवाको भावना विकास गर्नु र अरूको भलाई गर्नुमा नै आफ्नो भलाइ हुन्छ भन्ने भावना विकास गराउने उद्देश्य रहेको पाइन्छ ।

भगवान बुद्ध जन्मनु अघिको समयलाई परिवेशको रूपमा लिएको छ । बोधिसत्वको जन्म उनको अक्षर चिनारीसँग उनको युवा अवस्था र उनको बुद्धिविवेक र सहयोगी भावना कथानकका रूपमा आएको छ । उनी सधैं अरूको सेवा र भलो चाहन्थे र उनका वरिपरि हिंस्रक जनावरले पनि हिंसा गर्न समेत छोडेको पाइन्छ । बोधिसत्व घुमफिर गर्ने क्रममा अजितसँग भेट हुन्छ र अजितले आफूलाई शिष्य बनाउन आग्रह गर्छ र बन्दछ । त्यसै क्रममा बोधिसत्वले खान नपाएर छटपटाएकी वघिनीलाई देख्छ । उसले भोकले आफ्ना बच्चालाई खान लागेको देखेर आफै वघिनीको आहारा हुन तयार हुन्छन् । यसका साथै कथा समाप्त हुन्छ ।

यस कथाका पात्रका रूपमा बोधिसत्व, उनको शिष्य रहेको पाइन्छ । यसका साथै यसको भाषाशैली पनि सरल र सहज भएको पाइन्छ ।

यस कथाको मुख्य उद्देश्य विद्यार्थीमा राम्रो बानीको विकास गर्नु र आफ्नो लागि भन्दा पनि अरूको भलाईको बारेमा काम गरौं, ज्ञानी बनौं र सहयोगी भावनाको विकास होस् भन्ने राखिएको पाइन्छ । एउटा असल व्यक्तित्वको विकास गर्नमा यस कथाको अत्यन्त महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

निष्कर्षमा भन्नुपर्दा यस कथाबाट विद्यार्थीमा असल भावना, सहयोगी भावना, व्यक्तित्व विकासमा राम्रो भूमिका खेल्नमा सहयोग पुग्ने देखिन्छ । सरल भाषाशैली र पात्रका मध्यमबाट विद्यार्थीमा असल चरित्र निर्माण गर्न सहयोग पुग्ने देखिन्छ ।

**(ङ) रिस र राक्षस कथाको विश्लेषण**

रिस र राक्षस एक पौराणिक कथा हो । यसका रचनाकार को हुन् भनेर उक्त पुस्तकमा उल्लेख गरिएको पाइँदैन । यस कथामा कुनै पनि रिसले भन्दा पनि बुद्धिमतापूर्ण रूपले गरेमा सफल बन्न सकिन्छ भन्ने कुरा देखाउन खोजिएको पाइन्छ ।

यस कथाको सुरुवातमा बलराम, श्रीकृष्ण र सात्यिक वन विहारका निम्ति जङ्गलतिर लागेबाट सुरु भएको छ । वन विहार गर्ने क्रममा सिपाहीहरूको बाटो हेर्दाहेर्दै रात पर्छ र तीनैजना एउटा रुखमुनि बाँस बस्दछन् । विभिन्न हिंसक जन्तु र राक्षसको डर हुने भएकाले एक जना पालै-पालो राति जाग्राम बस्दछन् । पहिला सात्यिकको पालो आउँछ र त्यसै क्रममा एउटा राक्षस आउँछ र दुवैजना सुतेका मान्छेलाई उठाउने प्रयास गर्दछ र त्यसो गर्दा सात्यिकलाई रिस उठ्छ र राक्षसलाई पिट्न थाल्दछ । जति जति सात्यिक रिस बढ्छ त्यति नै राक्षस ठूलो हुँदै जान्छ र उसले सात्यिवलाई झन् पिट्न थाल्दछ । त्यस्तै बलरामको पालो आउँदछ । बलरामको पालामा नै सात्यिकको जस्तै अवस्था हुन्छ र अन्त्यमा श्रीकृष्णको पालो आउँछ । त्यसैगरी राक्षस आउँछ र उनीहरूलाई उठाउन खोज्छ । श्रीकृष्णले रिसाएर उसलाई भन्दा राक्षस बढेको थाहा पाउँछन् र उनले बुझिहाल्छन् कि रिसाएर हैन बुद्धिमत्तापूर्वक यसलाई तह लगाउनुपर्छ भनेर उनले राक्षसको प्रशंसा गर्छन् । यसो गर्दा राक्षस घट्दै जान्छ । राक्षसले रिस उठाउँदा पनि उनले रिसलाई आउन दिँदैनन् । यसो गर्दा श्रीकृष्णले राक्षसलाई काबुमा गर्न सक्छन् । त्यस्तै कुरा आफ्ना दाईलाई र सात्यिकलाई भन्दा कथा सकिन्छ ।

यसका पात्रहरूमा कृष्ण, बलराम, सात्यिक, राक्षस र अदृश्य रूपमा सिपाहीहरू रहेको पाइन्छ भने यो पौराणिक कथा भएकाले यसको परिवेश पनि भगवानहरूको पालाको पाइन्छ । यसको भाषाशैली सरल देखिन्छ ।

यस कथाको उद्देश्य विद्यार्थीहरूमा रिसले होइन वृद्धिमतापूर्ण कुनै पनि कार्य समाधान गर्न सकिन्छ भन्ने ज्ञान दिलाउनु रहेको पाइन्छ । त्यसैले विद्यार्थीहरूलाई कसरी सोच्ने आफ्नो रिसलाई कसरी नियन्त्रण गर्ने भन्ने सन्देश यस कथाबाट दिन सकिन्छ ।

निष्कर्षमा भन्नुपर्दा रिसभन्दा पनि वृद्धिमतापूर्ण कसरी आफ्नो समस्या समाधान गर्ने भन्ने सन्देश यो कथाबाट दिन खोजिएको छ । सरल र सरस भाषाशैलीको प्रयोग गरिएको र विद्यार्थीहरूले बोध गर्न सक्ने देखिन्छ ।

**(च) बाक्लो दाल कथाको विश्लेषण**

'बाक्लो दाल' एउटा सामाजिक कथा हो । यसलाई तेजप्रकाश श्रेष्ठले रचना गरेका हुन् । यस कथामा समाजमा भएका विसङ्गतिलाई उजागर गरेको छ । समाजमा बिहे गरेपछि बाबुआमालाई बुढेसकालमा एक्लै छोडेर आफ्नो स्वार्थ पुरा गर्ने वहाना हाम्रो समाजमा धेरै पाइन्छ । त्यसैले यस कथाले समेटेको पाइन्छ ।

यस कथाको सुरुवात छिमेकी मित्र हरिहर, मामा भन्नेलाई आफू बाक्लो दाल खाने भए पनि भनेबाट भएको पाइन्छ । हरिहर आफ्ना बाबुआमालाई छोडेर आफ्नी श्रीमतीसँग बस्ने निर्णय गर्छ । यत्तिकैमा मामा भन्नेलाई सुनाउँछ । त्यो सुनेपछि मामा दुःखी हुन्छ र निन्याउरो अनुहार लाउँछ । मामाको निन्याउरो अनुहार देखेर हरिहरले सोध्छ किन यस्तो अनुहार लगाउनु भयो मामा ? भन्दा ऊ केही होइन भन्छ तर हरिहरले कर गरेपछि मामाले उसको साथीले बाक्लो दाल खाने निर्णय उसको परिवारले भोगेको दयनीय अवस्था सुनाउँछ र संयुक्त परिवारसँग बसेमा राम्रो हुन्छ भन्ने कुरा सम्झाउँछ ।

यस कथाका पात्रका रूपमा हरिहर र उसको छिमेकी मामा र मामाको साथी रहेका छन् भने परिवेशमा ग्रामीण परिवेश रहेको छ । यस कथाले समाजमा रहेका एक परिवार बढ्दो क्रममा छ जसले गर्दा बुढा भएका बाबुआमालाई धेरै पीडा भएको पाइन्छ । बुढेसकालको लाठी भाँचिएको पाइन्छ । यस कथाको भाषाशैली सरल र सहज पाइन्छ ।

यस कथाको मुख्य उद्देश्य विद्यार्थीहरूमा परिवारमा फुटेर होइन सँगै बसेर आफ्नो परिवारमा आएका समस्याको समाधान गर्न सकिन्छ । आर्थिक कार्यमा सहयोग पुग्दछ भन्ने कुरा सिकाउन सहयोग पुग्ने देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा विद्यार्थीहरूमा आफ्ना अभिभावकहरूलाई पन्छाएर होइन सँगै बसेर धेरै सिक्न सकिन्छ । सबैको साथले कुनै पनि कार्य गर्न सहज हुन्छ । आर्थिक हिसाबमा पनि बलियो भइन्छ भन्ने सन्देश यस कथाले दिएको पाइन्छ ।

### (छ) भाग्य कथाको विश्लेषण

'भाग्य' कक्षा आठको पाठ्यपुस्तकमा समावेश भएको सामाजिक कथा हो । 'भाग्य' सुधा त्रिपाठीद्वारा लेखिएको कथा हो । यसमा धनि र गरिब बीचको असमानता त्यसले गरिबको जिन्दगीमा परेको प्रभाव यसमा देखाइएको छ । गरिबको परिवारमा जन्मेका बालबालिकामा त्यसैले पारेको असर यस कथामा देखाएको पाइन्छ ।

धने साहुले खाएको टुलुटुलु हेरिरहेको पुन्टेलाई हप्काएबाट यस कथाको सुरुवात भएको देखिन्छ । पुन्टे एउटा गरिब परिवारको बालक रहेको छ जसको बाबुआमा साहुको खेती गर्छन् तै पनि खाना लाउनको दुःख छ । पुन्टेलाई हामी किन गरिब भएको भन्ने जिज्ञासामा उसकी हजुरमाले भन्छिन् । भाग्य छैंटीका दिनमा भावीले लेख्छन् भनेर त्यसैले ऊ उसकी भर्खर जन्मिएकी बहिनीको छैटौँ दिनमा हेर्ने विचार गर्दछ । त्यसै क्रममा आमाले उसलाई सम्झाउँदै भन्छे । पुन्टे भाग्य अरूले होइन हामी आफैँले लेख्ने हो । मिहेनत गर्ने,

पसिना वगाई आफ्नो भाग्य आफै निर्माण गर्ने हो भन्दै गर्दा बाबुको प्रवेश हुन्छ र उसलाई उसको बाबुले पनि सम्झाउँछ । आफ्नो भाग्य अरूलाई लेख्न दिने होइन आफैले लेख्ने हो भन्दै कथा समाप्त हुन्छ ।

यसमा पुन्टे, साहु, आमा, बुबा, हजुरआमा, बहिनी जस्ता पात्रहरू रहेको पाइन्छ भने ग्रामीण परिवेश यसमा आएको पाइन्छ । वर्गीय असमानताले बालबालिकामा, समाजमा परेको असर यसमा देखाइएको छ । यसको भाषाशैली सरल र सहज किसिमको देखिन्छ ।

यस कथाको उद्देश्य आफ्नो भाग्य आफ्नै परिश्रमले र मिहिनेतले लेख्नुपर्दछ । नाकी अरू कसैले लेखिदिने भन्ने राखिएको छ । यस कथाका माध्यमबाट विद्यार्थीहरूमा भाग्यमा भर नपरी आफूले कडा मिहिनेत गरेमा सफल हुन सकिन्छ र आफ्नो भाग्य आफै निर्माण गर्न सकिन्छ भन्ने शिक्षा दिन खोजेको पाइन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने यस कथाबाट विद्यार्थीमा आफ्नो भाग्यको निर्माण आफै गर्नु पर्दछ भन्ने सन्देश यसबाट दिइएको पाइन्छ ।

## (ज) मित्रता कथाको विश्लेषण

'मित्रता' एउटा पौराणिक कथा हो । यो कक्षा आठमा समावेश गरिएको कथा हो, जसलाई शारदारमण नेपालले लेखेका हुन् । यसमा विषयवस्तुको रूपमा पौराणिक विषयवस्तुलाई लिएको पाइन्छ ।

यस कथाको सुरुवात भारद्वाज ऋषिका छोरा द्रोण र पाञ्चाल नरेश पृषत्का छोरा यक्षसेन द्रुपद एउटै गुरुकुलमा पढ्थे । उनीहरूमा मित्रता एकदमै गाढा थियो । द्रोण र यक्षसेन गुरुकुलमा अध्ययन गरेका बेलामा यक्षसेन र द्रौण बिच कुराकानीका क्रममा यक्षसेनले पाञ्चालको राजा भएपछि द्रोण आफ्नो आधा राज्य दिने प्रतिज्ञा गरेका हुन्छन् । दिन बित्दै जाँदा आफ्नो अध्ययन सकेर आ-आफ्ना घर फर्कन्छन् । यक्षसेन पाञ्चालका राजा

भएर आफ्नो सञ्चालन गरेर बस्छन् । यता द्रोणले कृपीसँग विवाह गर्छन् । उनीबाट एक छोरा जन्मन्छन् । जसको नाम अश्वत्थामा हुन्छ । द्रोणका घरमा दिनदिनै दुःख र दरिद्रताले घेर्दै जान्छ । दरिद्रता यतिसम्म हुन्छ की छोरालाई खुवाउने दुधसम्म जगेडा गर्न सक्दैनन् । एकदिन महर्षि परशुरामले सर्वस्व दान गर्दैछन् भन्ने कुरा थाहा पाउँछन र यहाँ जान्छन् तर त्यहाँ पुग्दा परशुरामले सर्वस्व दान गरिसकेका हुन्छन् । त्यसैले द्रोण निराश हुन्छन् तर परशुरामले विद्यादान गर्ने कुरा गर्छन् । धनुष विधा द्रोणलाई सिकाउँछन् । द्रोण धनुष विधामा पारङ्गत भएर घर फर्किन्छन् । उनी उनका दरिद्रताका दिन समाप्त हुँदैन । एक दिन सम्झिन्छन् आफ्नो बालकपनका साथी यक्षसेनलाई उनले भनेका कुरा र उनी आफ्ना परिवारलाई लिएर पाञ्चाल राज्य जान्छन् तर उनलाई उनका बालकपनका साथीले उल्टै मित्रता त पद, प्रतिष्ठा, ज्ञान, धन, शक्ति सबै स्तर बराबर भएकाहरूसँग मात्र हुन्छ भनी अपमान गरेर पठाउँछन् र द्रोण असह्य भएर त्यहाँबाट सुसुराली जान्छन् । त्यही क्रममा पाण्डुहरूसँग भेट हुन्छ र उनीहरूलाई सहयोग गरेवापत द्रोणलाई लिएर युधिष्ठिरहरूले आफ्ना राज्यमा लिएर जान्छन् । त्यहाँका प्रशिक्षक बनाएर आदर सम्मानमा साथ उनलाई राज्यमा राखिन्छ । द्रोणले पाण्डु र कौरव राजकुमारलाई प्रशिक्षण दिन्छन् र अन्तिम परीक्षामा उनले दक्षिणमा यक्षसेनलाई आफ्नो अगाडि ल्याउन आग्रह गर्छन् र त्यो पुरा पनि हुन्छ । यक्षसेनलाई म तपाईसँग मित्रता चाहन्छु, मित्रता शक्ति, सत्ता, धनले मात्र हुँदैन भनेर सम्मानसँग आफ्ना मित्र यक्षसेनलाई मुक्त गरी पठाउँछन् ।

यस कथामा द्रोण, यक्षसेन, परशुराम, युधिष्ठर जस्ता पात्र प्रत्यक्ष छन् भने कृपी, भारद्वाज, पृषत कौरव र पाण्डु जस्ता अप्रत्यक्ष रूपमा आएका छन् ।

यस कथाको उद्देश्य विद्यार्थीमा असल मित्रताको कदर गर्ने बानीको विकास गर्ने उद्देश्य राखेको पाइन्छ । मित्रतालाई धन, प्रतिष्ठा, पद र प्रतिष्ठानसँग नगासी उसको असल व्यवहारसँग गर्न हुने भन्ने कुरा यस कथाबाट सिकाउन सकिन्छ ।

निष्कर्षमा भन्नुपर्दा यो पौराणिक कथा भएकाले महाभारतमा उल्लेख भएका पात्रहरू र राज्यहरूको नाम प्रशस्त मात्रामा रहेका छन् । त्यस्तै गरी संस्कृत शब्दहरू बढी प्रयोग गरिएकोले विद्यार्थीहरूका लागि पढ्न र बुझ्न अलिक गाह्रो देखिन्छ ।

### (झ) एउटा घटना कथाको विश्लेषण

'एउटा घटना' एउटा सामाजिक कथा हो । यो कक्षा आठको पाठ्यपुस्तकमा समावेश गरिएको कथा हो । यस कथाकारका रचनाकार शान्तदास मानन्धर हुन् ।

यस कथाको विषयवस्तुका रूपमा विद्यालयमा भएको घटनालाई लिइएको छ । सुरेश र उसका साथीहरूका विचमा विभिन्न विषयका बारेमा छलफल हुन्छ । सुरेश साथीहरूका बिचमा निकै लोकप्रिय रहेको हुन्छ । उनले कहिले पढाइसम्बन्धी कुरा, कहिले खेलकुदका रमाइला प्रसङ्ग उठाएर साथीभाइसँग रमाइलो गर्दछ । एक दिनको कुरा हो सुरेश उसका साथीहरूसँग गफ गरिरहेको बेलामा कसले ढुङ्गा टाढासम्म पुऱ्याउँने भन्दै फाल्न थाले त्यत्तिकैमा विभलले सुरेशलाई दाई तपाई कति टाढासम्म पुऱ्याउँन सक्नुहुन्छ भन्यो, त्यही जोसमा सुरेशले ढुङ्गा हान्दा स्कुलको गमला फुट्छ । त्यो फुटेपछि सबै विद्यार्थीहरू कक्षाभित्र पस्दछन् । कक्षाभित्र पसेपछि गुरु पनि कक्षाभित्र पस्दछन् र सबैलाई फुटेको गमलाको बारेमा सोध्छ तर कसैले भन्दैनन् । त्यसपछि शिक्षक स्वयम्ले भन्दछन् कि यो गमला जस्तो फुटाए पनि सबै मिलेर यसको पैसा तिनुपर्दछ । यस कुरामा सबै विद्यार्थीहरू सहमत हुन्छन् । यसैमा सबै आफूप्रति कृतज्ञ भएकोमा सुरेश आफ्नो गल्ती स्विकार गर्दछ । भन्छ मैले गमला फुटाएको हो तर सबै तिर्ने भनेर मप्रति सद्भाव देखाएकोमा कृतज्ञता ज्ञापन गर्दछ । शिक्षकहरू सबै विद्यार्थीहरूको एकता र सद्भाव देखेर आफूले पनि गमलाको आधा पैसा तिर्न प्रतिबद्धता गर्दै कथा समाप्त हुन्छ ।

यस कथाका पात्रहरूमा सुरेश र उसका विभिन्न साथीहरू र शिक्षकहरू रहेका छन् । यसका परिवेशका रूपमा एउटा विद्यालयको परिधिभित्र रहेको छ ।

यस कथाको उद्देश्य विद्यार्थीहरूमा सँगै मिलेर बस्ने र एकअर्कालाई साथ दिने र एकताबद्ध हुनुपर्दछ भन्ने हो । विद्यार्थीहरूमा मिलनसारिता, सदभाव, एकताबद्धता हुनुपर्दछ । कुनै पनि कुरालाई झुटले होइन सत्यताले जित्न सकिन्छ भन्ने कुरा सिकाउन सकिन्छ । यसमा सरल र जटिल दुवै किसिमका शब्दको प्रयोग पाइन्छ ।

(ञ) **ठग समातियो कथाको विश्लेषण**

'ठग समातियो' एउटा सामाजिक कथा हो । विजय चालिसे यसका रचनाकार हुन् । यस कथाको विषयवस्तुका रूपमा समाजमा भएका घटनालाई नै लिइएको छ ।

यस कथाको सुरुवात एउटा ठग आएर विराजकी आमालाई विराजको दुर्घटना भएको र उसलाई उपचार गर्न पैसा चाहिएको कुराबाट भएको छ । विक्रम र विराज उनीहरूको एउटा बहिनी छ । विराज कलेजमा पढ्छ भने विक्रम स्कुलमा पढ्छ । ठग र आमाबिच भएको कुरालाई विक्रमले ध्यानपूर्वक सुनिरहेको हुन्छ । विक्रमले विराजका सबै साथीहरू चिनेको हुन्छ तर उसलाई विक्रमले चिनेन र उसले बुद्धिमतापूर्ण तरिकाले रमेशलाई घरमा फोन गऱ्यो जसकोमा विराज गएको थियो र सबै कुरा भन्यो । त्यसपछि रमेश र विराज नआइन्जेल आमालाई जानबाट रोक्न बुद्धि लगाएर प्रहरीमा पनि खबर गयो । सबै आएपछि ठग पनि समातियो । ठग समात्न बुद्धिमतापूर्वक काम गरेकोमा सबैले विक्रमलाई धन्यवाद दिए अनि कथा समाप्त भयो ।

यस कथाका पात्रका रूपमा विक्रम, विराज, आमा, रमेश, ठग, बहिनी, पुलिस आएका छन् । यस कथामा साधारण बोलचालको भाषाका शब्द प्रयोग भएकोले कथा सरल र सहज देखिन्छ ।

यस कथाको उद्देश्य विद्यार्थीमा कहिले पनि अपरिचित मान्छेप्रति विश्वास गर्नुहुँदैन किनकी ती ठग पनि हुन सक्छन् भन्ने कुराको ज्ञान दिनु रहेको छ । यसैगरी अपरिचित मान्छेले भनेका कुराले आत्तिएर भन्दा पनि बुद्धिमतापूर्ण तरिकाले कार्य गर्नुपर्दछ भन्ने कुरा यसमा भन्न खोजिएको छ ।

### (ट) सिंह र स्यालको कथाको विश्लेषण

सिंह र स्यालको कथा एउटा लोककथा हो । यसमा पहिले-पहिलेका मौखिक रूपमा भन्दै आएका कथालाई लोक कथा भनिन्छ । यस कथामा जनावरको कथालाई समावेश गरेर कथा सिर्जना गरिएको छ ।

यस कथाको विषयवस्तुका रूपमा एउटा जङ्गलको परिवेश छ । जहाँ दुईवटा सिंह छन् । जसका दुई बच्चा छन् । एक भाले सिंह आफ्ना परिवारका लागि सिकार खोज्न जान्छ तर उसले केही पनि भेट्दैन । साँझ पर्छ अनि ऊ घरतिर फर्कने क्रममा उसले स्यालको बच्चालाई भेट्दैन तर त्यस बच्चालाई नमारी उसले घरतर्फ लैजान्छ त्यो देखेर पोथी सिंह पर्दछे । भाले सिंहले भन्छ यो पनि हाम्रो बच्चा जस्तै छ । ऊ मेरो छेउमा आयो भागेन । त्यसैले मैले ल्याए भन्छे । त्यही क्रममा पोथी सिंहले पनि भन्छे म यसलाई वच्चा जस्तै गरेर पाल्छु भन्छे र पाल्छन् । दिन बित्दै जाँदा सिंह र स्यालको बच्चा ठूलो हुन थाल्छन् । एक दिनको कुरा सिंह र स्यालको बच्चाले हात्तिलाई देख्छन् । सिंहका वच्चा हात्तिलाई झम्टन जान्छन् तर स्यालले भन्छ तिमेरको हात्ति जन्मजात शत्रु भनेर मान्छ र घर जान्छ । घर पुगेपछि सिंहका बच्चाले स्यालको वच्चालाई जिस्काउन थाल्छन् र उनीहरूमा नराम्रो हुन थाल्छ । स्यालले आमासँग सोध्छ, भाइहरूले किन यसो भनेर आमाले सम्झाउँदै भन्छे तिमी स्यालको बच्चा हो । तिमीलाई मइले दुख खाएर हुर्काको मात्र हो भनेर सम्झाइन् पछि स्याल र सिंहका विचमा झगडा हुन थालेपछि स्याल आफ्नै झुण्डसँग गयो ।

यस कथाका पात्रका रूपमा सिंह र स्याल रहेको छ । यसको भाषाशैली, शब्द सरल किसिमका रहेका छन् ।

यस कथाका माध्यमबाट विद्यार्थीमा कुनै पनि व्यक्ति वा पशु आफ्ना शरणमा आएको छ भने त्यसलाई संरक्षण गर्नु उसको दायित्व हो भन्ने कुरा सिकाउन खोजिएको छ । एक आपसमा झगडा गर्नु हुँदैन । उचित समयमा सही कुरा बताउनुपर्छ । सकेसम्म सबैको भलो गर्नुपर्छ र त्यही सनातन धर्मको विशेषता हो भन्ने सन्देश यस कथाले दिएको छ ।

(ठ) **स्वाभिमान कथाको विश्लेषण**

'स्वाभिमान' एउटा ऐतिहासिक कथा हो । यसलाई चेतन वाशिष्टले रचना गरेका हुन् । यो कक्षा आठको पाठ्यपुस्तकमा समावेश गरिएको अन्तिम कथा हो । यसको परिवेश सुगौली सन्धिताकाको समय रहेको छ ।

यस कथाले नेपाल एकीकरण भएपश्चात ब्रिटेन सरकारले नेपाल कब्जा गर्न योजना बनाएको विषयवस्तुलाई समेटेको छ । इष्ट इन्डिया कम्पनीका नयाँ गभर्नर नेपाललाई भुसुनासँग तुलना गर्दै नेपाल माथि आक्रमण गर्ने र आफ्नो बनाउँने भन्दै उनका विभिन्न सैनिकसँग सल्लाह लिन्छन् । जनरल हेस्टिङ्क उग्र, रुखो र कठो र स्वभावका भएकाले उनलाई नेपाल कब्जा गर्न ब्रिटेन सरकारले भारतमा ४ अष्टोबर १५१३ मा गभर्नर बनाएका हुन्छन् । हेस्टिङ अरूको प्रतिक्रिया नआई आफै फेरी भन्छन् "यस्तो सानो राष्ट्रले ब्रिटेनसँग जोरी खोज्ने ? हामी मराठा, शिख र नेपालीलाई एकै स्वासमा निल्न सक्छौँ । नेपालका नदीनाला, जङ्गल कब्जा गरी रेल कुदाउँने सपना बुन्छन् । नेपालका केही व्यक्तिहरू विट्रेनको पैसा खाएर नेपाल विरोधी कार्यमा सहयोग पुऱ्याएको पनि बताउँछन् । यता नेपालमा पृथ्वीनारायण शाहको एकीकरण र राज्य विस्तारको नीतिलाई उनका उत्तराधिकारीले निरन्तरता दिएका थिए । पराजित रजौटालाई दबाउन फ्रान्सबाट विशेषज्ञ

ल्याई आफ्ना सैनिकलाई तालिम दिइरहेको थियो । यत्तिकैमा हेस्टिङकै योजनाअनुसार अङ्ग्रेजले आफ्नो युद्ध नीतिको प्रारम्भिक प्रयासस्वरूप रौतहटका बाइस गाउँ र स्युराज र बुटवलमा सीमा खिच्ने निकाल्छ । उसले ती भूभाग आफ्नो हो र २५ दिनभित्र खाली गर्न भनी पत्र पठाउँछे । दरबारमा अङ्ग्रेजको पात्रअनुसार भूभाग छोड्ने वा युद्ध गर्न पक्षमा छलफल हुँदा अमरसिंह थापा, चौतरिया बम शाह, राजगुरु रङ्गनाथ पण्डित, काजी दलमञ्जन पाण्डे युद्ध नगर्ने पक्षमा उभिन्छ तर भिमसेन थापा त्यति सजिलो आफ्नो भूमि अङ्ग्रेजलाई नदिने भने युद्ध स्वीकारर्छन् र सबै तयार हुन निर्देशन दिन्छन् र कथा समाप्त हुन्छ ।

यस कथाका रूपमा पात्रका रूपमा जनरल हेस्टिङ उनका सैनिकहरू भिमसेन थापा, अमरसिंह थापा लगायतका विभिन्न रहेका छन् । यसमा सुगौली सन्धिपूर्वको परिवेश रहेको छ ।

यस कथामा नेपालको एकीकरण र त्यसपछि अङ्ग्रेजले नेपालमाथि आँखा गाडेको र कब्जा गर्न खोजेको यो असह्य भई नेपाली पुत्रहरूले अङ्ग्रेजसँग युद्ध गर्न पनि अगाडि बढेको यस क्रियाकलापबाट के शिक्षा पाउन सकिन्छ भने आफ्नो देश स्वतन्त्रता र स्वभिमानप्रति झुक्ने होइन जस्तोसुकै कदम चाल्न पनि पछि पर्नुहुँदैन भन्ने सन्देश दिन खोजिएको पाइन्छ । यसमा आगन्तुक शब्दहरू बढी मात्रामा प्रयोग भएका छन् ।

निष्कर्षमा कक्षा सात र आठको अनिवार्य नेपालीको पाठ्यक्रममा समावेश भएका कथाहरू अध्ययनबाट यस अन्तर्गतका कथाहरू लोककथा, नीतिकथा, पौराणिक, ऐतिहासिक र सामाजिक कथालाई विषयवस्तु बनाएर लेखिएका छन् ।

यसैगरी कक्षा सात र आठको नेपाली पाठ्यपुस्तकमा राखिएका जम्मा १२ वटा कथाहरू स्तर उपयुक्त नै भएको देखिन्छ । यसअन्तर्गत क्षेत्र र क्रमले पनि महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । पाठ्यक्रममा लोककथा, पौराणिक, सामाजिक, नीतिकथा र ऐतिहासिक क्रम

उल्लेख भएको कक्षा सातमा ऐतिहासिक कथा समावेश छन् भने कक्षा आठमा नीति कथा समावेश गरिएको पाइदैन । यसरी हेर्दा कथाको क्रम पाठ्यक्रमअनुरूप देखिन्छ । तापनि कक्षा आठमा पनि एउटा नीति कथा भएको भए अझ राम्रो हुने थियो ।

यसैगरी कक्षा सातको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समावेश भएका कथाहरू मामालाई सुधार्ने भान्जा, सात दिने सभा, सुन उर्गेल्ने भाले, बोधिसत्वको कथा, रिस र राक्षस, बाक्लो दाल हुन् । यसैगरी कक्षा आठका पाठ्यपुस्तकमा भाग्य, मित्रता, एउटा घटना, ठग समातियो, सिंह र स्यालको कथा, स्वाभिमान समावेश भएका छन् ।

तसर्थ प्रस्तुत पाठ्यपुस्तक समावेश भएका कथाहरूमा तत्कालिक समाजमा घटेका घटनालाई सामाजिक कथाले समेटेका छन् भने लोककथाले पनि समाजकै परिवेशलाई समेटेका छन् भने ऐतिहासिक कथाले इतिहासमा के-कस्ता घटना भएको थियो । त्यस बारेमा विद्यार्थीलाई अवगत गराउन सक्षम देखिएका छन् । यसैगरी नीति कथाले कसरी आफ्नो चरित्र निर्माण गर्न र कसरी चरित्रवान हुन् भन्ने कुरा विद्यार्थीमा सिकाउन खोजेको देखिन्छ । पौराणिक कथाले पनि विद्यार्थीमा चरित्र निर्माण गर्नमा नै सहयोग पुऱ्याएको पाउन सकिन्छ । यसरी विभिन्न विधाका कथाहरूले विद्यार्थीहरूमा असल चरित्र र असल स्वभावको विकास गर्न सहयोग पुगेको देखिन्छ ।

# अध्याय छ

## भाषिक सीप, व्याकरण र शब्दभण्डारका दृष्टिले कथाहरूको तुलना

भाषाका चारओटा भाषिक सिपहरू हुन्छन् । यिनै चारवटा भाषिक सिप आर्जन गर्नका लागि पाठ्यपुस्तकमा विभिन्न विधाहरू राखिएका हुन्छन् । विभिन्न प्रकारका भाषाका विधा र व्याकरण शिक्षणका माध्यमबाट हो भाषिक सिप आर्जन गराउन सकिन्छ । भाषा शिक्षण गर्नु भनेको भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको आर्जन गर्नु हो, तसर्थ माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा स्तरअनुरूपका विभिन्न विधाहरू राखिएका छन् । तीमध्ये कथा विधा पनि एक उत्कृष्ट विधा हो । भाषिक सीप वा भाषिक कला विकासका लागि श्रवण कला, पठनकला वक्तृत्व कला, वाचन कला र लेखन कला जस्ता कलाहरूको स्तरयुक्त, समृद्धि विकास आवश्यक मानिन्छ (शर्मा र पौडेल, २०६० : ९६) ।

आधारभूत तहको अनिवार्य नेपाली पाठ्यपुस्तकमा प्रायः सबै कथाको अन्त्यमा विद्यार्थीहरूको लागि नयाँ नयाँ उच्चारण गर्न केही कठिन मानिने शब्दहरूको उच्चारण गर्न अभ्यासका रूपमा दिइएको छ । यसका अलावा बोलाइ सीप विकासका लागि कथा मुख्य भाव भन्ने, कुनै अनुच्छेद दिएर व्याख्या गर्न लगाउने जस्ता सिपहरू रहेका छन् भने लेखन सिपका लागि विभिन्न वाक्य दिएर तिनीहरूको भाव लेख्न लगाउने, प्रश्नहरूको उत्तर लेख्न लगाउने जस्ता अभ्यासहरू समावेश गरिएको छ । भाषा पाठ्यक्रमले लेखाइ र पढाइको साथै सुनाइ र बोलाइलाई केही पनि उत्तिकै महत्त्व दिइएको छ । आधारभूत तहको विद्यार्थी स्तरअनुरूप यो सान्दर्भिक नै छ । पढाइ र लेखाइ सीपको परीक्षण गर्नका लागि देहायका अङ्कभारअनुसार प्रश्न बनाउनुपर्ने कुरा पाठ्यक्रममा उल्लेख छ ।

तालिका नं. १

*भाषिक सिप परीक्षणका लागि क्षेत्र र अङ्क भार वितरण*

| क्र.सं. | क्षेत्र (पढाइ र लेखाइ) | विधा | अङ्क भार |
|---|---|---|---|
| १. | शब्दभण्डार | शब्दार्थ, शब्द पहिचान, शब्दहसको वाक्यमा प्रयोग | १०<br>४ |
| २. | वर्णविन्यास | शुद्धिकरण | १५ |
| ३. | व्याकरण | पहिचान र प्रयोग (वाक्य कोटिअनुसारको रचना) | ५ |
| ४. | बोध दृष्टांश | विभिन्न विधाका गद्य सामग्री | २+३ |
| ५. | बुँदा टिपोट र सारांश (दृष्टांश) | गद्य विधा | ४ |
| ६. | निर्देशित रचना | कथा/ जीवनी वा संवाद /वादविवाद/ चिठी | ४ |
| ७. | भाव विस्तार/व्याख्या | कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी | ८ |
| ८. | पाठगत प्रश्नोत्तर | क) कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी<br>ख) तार्किक शिल्प/समस्या समाधान | ४ |
| ९. | विवेचना | कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी | ८ |
| १०. | स्वतन्त्र रचना | निबन्ध | ८ |
| | | जम्मा | ७५ |

स्रोत : आधारभूत शिक्षा पाठ्यक्रम, कक्षा ६-८

*प्रयोगात्मक कार्यका लागि विशिष्टीकरण तालिका*

| क्र.सं. | क्षेत्र (सुनाइ र बोलाइ) | परीक्षणीय पक्ष | अङ्कभार | स्पष्टीकरण |
|---|---|---|---|---|
| १. | सुनाइ | श्रुतिलेखन | ५ | ५० शब्दसम्मको कुनै एक अनुच्छेद (दृष्टांश) को श्रुतिलेखन गराउने । |
| २. | बोलाइ | मौखिक वर्णन | ५ | कुनै एक विषय, वस्तु, चित्र दिई मौखिक वर्णन गर्न लगाउने वा कुनै जानेसुनेको कथा भन्न लगाउने । |
| | | सस्वर वाचन | १५ | पाठभित्रका ८० शब्दसम्मका गद्यांश (कथा, निबन्ध वा जीवनी) गति, यति मिलाई भावअनुसार सस्वर पठन गर्न लगाउने । |
| | | उच्चारण | ५ | पाठमा प्रयुक्त उच्चारणका दृष्टिले समस्यामूलक १० उच्चारण गर्न लगाउने । |
| | जम्मा | | २५ | |

**व्याकरणगत आधारमा कथाहरूको विश्लेषण**

कथा विधाका पाठहरूमा व्याकरण राखिनुको उद्देश्य भाषामा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सिपहरू सँगसँगै विद्यार्थीहरूलाई शुद्ध शब्द र वाक्यमा प्रयोग गर्न अभिप्रेरित गर्नु हो । यसबाट भाषा प्रयोग वाक्यगठन, शब्द रचना आदि पक्षमा विशेष सहयोग मिल्दछ । भाषाको अन्तरनिहित व्यवस्था भएको हुँदा भाषा प्रयोगको व्यवस्थागत प्रयोग पक्ष, व्याकरणात्मक नियमबाट विचलन भएका शब्द तथा वाक्य ठम्याउन सक्ने सुझको विकास गर्न सहयोग मिल्दछ ।

आधारभूत तहको पाठ्यक्रममा १५ अङ्क बराबरको भार व्याकरण शब्दवर्ग, कारक र विभक्ति, काल, पक्ष र भाव, वाक्य परिवर्तन, वाक्य रचना (वर्णन) जस्ता व्याकरणिकको परिचय र अभ्यास प्रस्तुत गरिएको छ। जसलाई पाठगत आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) **'मामालाई सुधाने' भान्जो कथाको व्याकरणात्मक विश्लेषण**

यस कथाको कार्यमूलक व्याकरणअन्तर्गत पाठ्यक्रमले तोकिएको शब्दवर्गअन्तर्गत कक्षा सातमा सर्वनामका बहुवचनका रूपहरू समावेश गरिएको छ। सर्वनाम सम्बन्धित कार्यमूलक अभ्यासका लागि पाठबाट उदाहरण समावेश गरिएको छ जसले गर्दा विद्यार्थीलाई पाठ पढ्दै समावेश गरिएको छ। जसले गर्दा विद्यार्थीलाई पुस्तकबाट नै उदाहरण पाउने र अभ्यास गर्ने कार्यलाई सहयोग पुग्ने देखिन्छ।

(ख) **'सात दिने सभा' कथाको व्याकरणात्मक विश्लेषण**

यस कथाको कार्यमूलक व्याकरणअन्तर्गत शब्दवर्गभित्र पर्ने निपात समावेश गरिएको छ। निपातसम्बन्धी अभ्यासका लागि पाठमा भएका वा कथामा समावेश भएका निपातहरू विद्यार्थीहरूलाई खोज्न लगाउने, विभिन्न अनुच्छेदमा भएका निपातहरू खोज्न लगाएर विद्यार्थीलाई नै सक्रिय बनाउने प्रशस्त अभ्यासहरू यस पुस्तकमा समावेश गरिएको छ। यस पुस्तकमा उदाहरण पहिला प्रस्तुत गरेर गरिएकोले यहाँ आगमनात्मक विधिको उपयोग गरेको देखिन्छ।

(ग) **'सुन उर्गेल्ने भाले' कथाको व्याकरणात्मक विश्लेषण**

यस कथाको कार्यमूलक व्याकरणअन्तर्गत पर्ने क्रियापद समावेश गरिएको छ। क्रियापद अभ्यासका लागि पुस्तकबाट नै उदाहरणहरू प्रस्तुत गरिएको छ। विद्यार्थीहरूले कथा पढ्दै त्यहीबाट अभ्यास गर्न मौका पाएका छन्।

(घ)  **बोधिसत्वको कथा' कथाको व्याकरणात्मक विश्लेषण**

यस कथाको कार्यमूलक व्याकरणअन्तर्गत भित्र हिज्जे र लेख्य चिह्नभित्र पर्ने 'य' र 'ए' अक्षरका शब्दहरू उच्चारण गर्न लगाउने र शब्दमा भएका य र ए छुट्याउन लगाउने जस्ता अभ्यासहरू समावेश गरिएको पाइन्छ । यस अभ्यासका लागि पुस्तकबाट अभ्यास गर्ने क्रियाकलाप राखिएको पाइन्छ ।

(ङ)  **'रिस र राक्षस' कथाको व्याकरणात्मक विश्लेषण**

यस कथाको कार्यमूलक व्याकरणअन्तर्गत पाठ्यक्रममा समावेश गरिएको काल, पक्ष र भाव यस कथामा समावेश गरिएको छ । यसमा एउटा काल र पक्षका वाक्यलाई अर्को कालमा परिवर्तन गर्ने लगाउने सामान्य अभ्यास यसमा गराइएको छ । यसमा अभ्यासका लागि पुस्तक उदाहरण नै समावेश गरेको पाइन्छ ।

(च)  **'बाक्लो दाल' कथाको व्याकरणात्मक विश्लेषण**

कक्षा सातको अन्तिम कथा बाक्लो दाल रहेको छ । यसमा समावेश गरिएको कार्यमूलक व्याकरणअन्तर्गत विशेषण नाम र निपात विभिन्न अनुच्छेदबाट खोज्न लगाएको पाइन्छ ।

(छ)  **'भाग्य' कथाको व्याकरणात्मक विश्लेषण**

कक्षा आठको पाठ्यपुस्तकमा समाविष्ट पहिलो कथा हो । यस कथामा कार्यमूलक व्याकरणअन्तर्गत शब्दवर्गमा समाविष्ट सर्वनामका प्रकार र यसका उदाहरणहरू प्रस्तुत गरिएको छ । यस व्याकरणलाई अभ्यास गर्नका लागि प्रस्तुत कथाबाट नै उदाहरण दिएको पाइन्छ । यसमा सर्वनामका प्रकार र उदाहरणसहित निपातको पनि अभ्यास समावेश गरिएको छ ।

(ज) 'मित्रता' कथाको व्याकरणात्मक विश्लेषण

यस कथाको कार्यमूलक व्याकरणअन्तर्गत शब्दवर्ग भित्र पर्ने सर्वनामका पुरुषवाचक सर्वनामभित्र समाविष्ट प्रथम पुरुष, द्वितीय पुरुष, तृतीय पुरुषका बारेमा सामान्य ज्ञान दिएको पाइन्छ । कथाबाट नै प्रस्तुत उदाहरण दिई अभ्यास राखिएको पाइन्छ । यसैगरी सङ्केतका आधारमा पनि उच्च आदर, मध्यम आदरको प्रयोग गर्ने अभ्यासहरू राखिएको पाइन्छ ।

(झ) 'एउटा घटना' कथाको व्याकरणात्मक विश्लेषण

यस कथाको कार्यमूलक व्याकरणअन्तर्गत नामयोगीका उदाहरणहरू र यसको प्रयोग गरेर वाक्य निर्माण गर्न अभ्यास राखिएको पाइन्छ । यसमा कथाबाट नै उदाहरणहरू प्रस्तुत गरिएको पाइन्छ ।

(ञ) 'ठग समातियो' कथाको व्याकरणात्मक विश्लेषण

यस कथाको कार्यमूलक व्याकरणअन्तर्गत कारक र विभक्ति समावेश गरिएको छ । पाठ्यक्रम समावेश गरेअनुरूप नै पुस्तकमा समावेश गरिएको पाइन्छ । कथाका विभिन्न अनुच्छेद वा वाच्यबाट विभक्तिहरू लागेका शब्द खोजेर अभ्यास गर्न सहयोग पुगेको देखिन्छ ।

(ट) सिंह र स्यालको' कथाको व्याकरणात्मक विश्लेषण

यस कथाको कार्यमूलक व्याकरणमा विभिन्न चिह्नको प्रयोग गर्न सिकाइएको छ । यस कथामा भएका वाक्य प्रयोग भएका चिह्नहरूको प्रयोग गरी उदाहरण प्रस्तुत गरिएको पाइन्छ । विद्यार्थीहरूलाई चिह्न प्रयोग गरिएका वाक्यहरू प्रयोग खोज्न लगाएर अभ्यास कार्य बढाएको पाइन्छ । चिह्नहरू पाठ्यक्रमले तोके बमोजिम नै अभ्यास गरेको पाइन्छ ।

(ठ) **'स्वाभिमान' कथाको व्याकरणात्मक विश्लेषण**

यस कथाको कार्यमूलक व्याकरणमा शब्दवर्गअन्तर्गतका क्रियायोगी, नामयोगी, विस्मयादिबोधकको सामान्य उदाहरण प्रस्तुत गरिएको पाइन्छ ।

आधारभूत तहको पाठ्यपुस्तमा भएका कथाहरूसँग राखिएका व्याकरणहरूको छोटकरी विवरण निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

तालिका नं. २

*कथा विधासँग समाविष्ट व्याकरण*

| क.सं. | कथा | व्याकरण पक्ष | शिक्षण प्रक्रिया |
|---|---|---|---|
| १. | मामालाई सुधार्ने भान्जो | शब्दवर्ग (सर्वनाम, वचन) | आगमन विधि |
| २. | सात दिने सभा | शब्दवर्ग (निपात) | " |
| ३. | सुन उर्गेल्ने भाले | शब्दवर्ग (क्रियापद) | " |
| ४. | बोधिसत्वको कथा | शुद्धिकरण (य, ए) | " |
| ५. | रिस र राक्षस | काल, पक्ष, भाव | " |
| ६. | बाक्लो दाल | शब्दवर्ग (नाम, विशेषण, निपात) | " |
| ७. | भाग्य | वाक्य रचना (नामयोगी) | " |
| ८. | मित्रता | वाक्य परिवर्तन (पुरुष, आदर) | " |
| ९. | एउटा घटना | वाक्य रचना (नामयोगी) | " |
| १०. | ठग समातियो | कारक र विभक्ति | " |
| ११. | सिंह र स्यालको कथा | लेख्य चिह्न | " |
| १२. | स्वाभिमान | शब्दवर्ग (नामयोगी, विस्मयादिबोधक क्रियायोगी) | " |

**शब्दभण्डारगत आधारमा कथाहरूको विश्लेषण**

आधारभूत तहका कथाहरूमा विभिन्न किसिमका शब्द तथा उखानटुक्काको प्रयोग गरिएका छन् । विद्यार्थीको शब्दभण्डार बढाउने क्रममा पार्यायवाची शब्द, अनुकरणात्मक शब्द, श्रुतिसमभिन्नार्थक शब्द, अनेकार्थक शब्द, पारिभाषिक शब्द, प्राविधिक शब्द आदि शब्दहरू र उखानटुक्काहरूको अर्थ र सन्दर्भपूर्ण प्रयोगको अभ्यासहरू गराउनु उपयुक्त मानिन्छ । शब्दार्थ शिक्षणको प्रभावकारी अभ्यास वा क्रियाकलापको प्रसङ्गअनुसार शब्दको अर्थ बुझी प्रयोग गर्न, अध्ययनका क्रममा फेलापरेका नयाँ-नयाँ शब्दको अर्थपूर्ण ढङ्गले सन्दर्भअनुसार वाक्यमा प्रयोग गर्न र शब्दभण्डारमा वृद्धि गर्न तथा बोध र अभिव्यक्ति, दुवैमा दक्ष बनाउन शब्दभण्डार शिक्षणले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । जसलाई पाठगत आधारमा निम्नानुसार देखाउने प्रयास गरिएको छ :

(क) **'मामालाई सुधार्ने भान्जो' कथाको शब्दभण्डारगत विश्लेषण**

करिब ४०० शब्दहरू रहेको यस कथामा जम्मा १७ वटा शब्दको अर्थ दिएको छ । यस कथामा प्रयुक्त शब्दभण्डारलाई केलाउँदा सरल र दैनिक रूपमा प्रयोग हुने शब्दहरूको प्रयोग पाइन्छ भने केही कठिन शब्द रहेका छन् । यस कथामा पर्यायवाची शब्द जस्तैः दुब्लो, पातलो, लिखुरे जस्ता शब्दको एकैचोटी प्रयोग भएको छ । त्यस्तै गरी त, कि, नि, पो, लौ, न, खै को प्रयोग यस कथामा प्रशस्त भेट्न सकिन्छ ।

(ख) **'सात दिने सभा' कथाको शब्दभण्डारगत विश्लेषण**

करिब ३५० शब्दहरू रहेको यस कथामा जम्मा १३ वटा शब्दको अर्थ दिएको छ । यस कथामा एउटा सभामा प्रयोग गरिने शब्दहरू प्रयोग भएका छन् । जस्तै, सभा, सम्बोधन उद्घोषण, महोदय, पाटीपौवा, पँधेरो, प्रसताव, कानुन, हैसियत जस्ता पारिभाषिक

शब्दहरूको प्रयोग पाइन्छ । सँग, तर्क, मुनि, पट्टि, प्रति, बारे, तर्क जस्ता नामयोगीहरूको पनि प्रशस्त प्रयोग पाइन्छ ।

(ग) 'सुन उर्गेल्ने भाले' कथाको शब्दभण्डारगत विश्लेषण

यस कथामा करिब ४०० वटा शब्द रहेको छ । जसमध्ये २७ वटा शब्दको अर्थ दिइएको छ । यसमा बढी आगन्तुक शब्द उर्दी, खुवालुङ, हर्काउनु, पेरुङ्गो, पारुहाङ, खुवालुङ, हाकपारे जस्ता शब्दहरूको प्रयोग र अलिक कठिन शब्दहरूको प्रयोग भएका छन् । परिचालन, सेनापति, उपत्यका, कचिङ्गल, वेथिती जस्ता पारिभाषिक शब्दहरू प्रशस्त मात्रामा पाइन्छन् । त्यस्तै यहाँ, त्यहाँ, अगि, पछि, उहिले, बेसरी, भुर्र, भ्याटभ्याट जस्ता क्रियायोगीको पनि प्रयोग पाइन्छ ।

(घ) 'बोधिसत्वको कथा' कथाको शब्दभण्डारगत विश्लेषण

यस कथामा करिब ४५० शब्दहरू रहेको यस कथामा २१ वटा शब्दको अर्थ दिएको अक्षरारम्भ, हिंस्रक, मर्यादा, सत्सङ्ग, वैरभाव, दुर्दशा, कुमाता लगायत विभिन्न पारिभाषिक शब्दहरू प्रशस्त मात्रामा रहेका छन् । पुष्प वृष्टि, यक्ष, गन्धर्व, ध्यान दृष्टि, अस्थि, बोधिसत्व, उपदेश जस्ता मौलिक शब्दहरूको प्रशस्त प्रयोग पाइन्छ ।

(ङ) रिस र राक्षस' कथाको शब्दभण्डारगत विश्लेषण

रिस र राक्षस एउटा पौराणिक कथा भएकाले यसमा सांस्कृतिक शब्दहरू प्रयोग भएको छ । यसमा करिब ४६० शब्दहरू प्रयोग भएका छन् भने १६ वटा शब्दको अर्थ दिइएको छ । वनविहार, जलविहार, निर्जन, प्रहर, व्याकुल, बाउन्ने, घमासान, लोथ हुनु जस्ता पारिभाषिक शब्दहरू प्रशस्त रहेका छन् । त्यस्तै गरी श्री कृष्ण, बलराम, सात्विक, विहार, रथ, राक्षस जस्ता पौराणिक नामहरू रहेका छन् । टहटह, छपल्याङछुप्लुङ, जङगुङङ, घमासान, मुक्कैमुक्का जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएका छन् ।

(च) 'बाक्लो दाल' कथाको शब्दभण्डारगत विश्लेषण

यस कथामा करिब ४५० शब्दहरू रहेको यस कथामा ४३ शब्दहरूको अर्थ दिइएको छ । विस्फोट, विवश, अनायास, दीर्घरोगी, नियमित, कुलत, करामत लगायतका पारिभाषिक शब्दहरू प्रशस्त रहेका छन् । बाक्लो दाल, कालोनिलो, ग्रहण लागेको जस्ता लक्षणा बुझाउने शब्दको प्रयोग पनि पाइन्छ ।

(छ) 'भाग्य' कथाको शब्दभण्डारगत विश्लेषण

'भाग्य' सामाजिक कथा भएकोले यसमा भएका शब्दहरू गाउँले परिवेशमा प्रयोग हुने खालका शब्दहरू प्रयोग भएका छन् । यसमा करिब ५०० शब्दहरू रहेका छन् भने १५ शब्दको अर्थ दिइएको छ । मझेरी, कचौरा, तिहुन, जुठेल्ना, गोडा, छैटी, लोसे, खिसिक्क, पुन्टे ज स्ता मौलिक शब्दहरूको प्रशस्त प्रयोग भएको पाइन्छ । यसैगरी छक्क, कपाकप, घुटुक्क, झलक्क, कुरुङ्ङ, च्वाक्क जस्ता अनुकरणात्मक शब्दको प्रयोग पाइन्छ जसले गर्दा कथा मौलिक देखिन्छ । यसरी हेर्दा यस कथामा सरल किसिमका शब्दहरू प्रयोग भएका छन् ।

(ज) 'मित्रता' कथाको शब्दभण्डारगत विश्लेषण

यस कथामा करिब ५५० शब्दहरू रहेका छन् भने १८ वटा शब्दको अर्थ दिइएको छ । यसमा केही जटिल र केही सरल किसिमका शब्दको संयोजन रहेको पाइन्छ । यसभित्र विश्राम, प्रतिज्ञा, गुपचुप, डन्डीबियो, ऐश्वर्य, विवरण लगायतका पारिभाषिक शब्द रहेका छन् भने दरिद्र, अकिञ्चन, ऐश्वर्य, भाग्योदय, हस्तकौशल, बन्धन, अङ्कमाल जस्ता तत्सम शब्दको प्रयोग पाइन्छ ।

(झ) 'एउटा घटना' कथाको शब्दभण्डारगत विश्लेषण

यस कथामा करिब ५०० शब्दहरू रहेका छन् भने १९ वटा शब्दहरूको अर्थ दिइएको छ । यसभित्र कृतज्ञता, अलप, अद्रूप, भावुक, तन जस्ता मौलिक शब्दको प्रयोग गरिएको छ भने फुटबल, तारिफ, ओलम्पिक जस्ता आगन्तुक शब्दको प्रयोग भएका छन् । तिर, सम्म, पल्ट, बमोजिम, समेत, बाहेक जस्ता नामयोगीको पनि प्रयोग पाइन्छ ।

ञ) 'ठग समातियो' कथाको शब्दभण्डारगत विश्लेषण

यस कथामा करिब ४५० शब्द रहेको छ जसमध्ये १९ वटा शब्दको अर्थ दिइएको छ । यस कथाको शब्दभण्डारलाई केलाउँदा केही शब्दहरू दैनिक जीवनसँग सम्बन्धित छन् जस्तैः ठग, खर्च, छक्क पर्नु, बिगबिगी, ढिला, छिमेकी, अस्पताल । आगन्तुक शब्दहरूमा फोन, स्कुल, कलेज, मोटर प्रयोग भएका छन् भने झै, रे, नै, नि, पो जस्ता निपातहरूको प्रयोग भएको देखिन्छ ।

(ट) 'सिंह र स्यालको कथा' कथाको शब्दभण्डारगत विश्लेषण

यस कथामा करिब ५०० शब्द रहेको छ । जसमध्ये ९ वटा शब्दको अर्थ दिइएको छ । यो लोककथा भएकोले यसमा मौलिक शब्दहरू सिकार, प्रिया, जङ्गल, आश्चर्य, भोजन, शरण, मरण आदि प्रयोग भएका छन् । यसैगरी वृत्तान्त, सनातन, विदुषी, हठात्, क्षितिज जस्ता पारिभाषिक शब्दहरूको प्रयोग भएका छन् ।

(ठ) 'स्वाभिमान' कथाको शब्दभण्डारगत विश्लेषण

यस कथामा करिब ६०० शब्दहरू रहेका छन् । जसमध्ये ४१ वटा शब्दहरूको अर्थ दिइएको छ । यसमा विशेष गरी राजनीतिसँग सम्बन्धी र सुगौली सन्धिका समयमा प्रयोग गरिने शब्दहरू बढी प्रयोग भएको देखिन्छ भने केही जटिल किसिमका शब्दहरूको प्रयोग देखिन्छ । यस कथामा आगन्तुक शब्दहरूको प्रयोग अधिक मात्रामा भएको जस्तैः जनरल,

हेस्टिङ, इस्ट इन्डिया कम्पनी, गभर्नर, ब्रिटेन, मराठा, अङ्ग्रेज ल गायतका विभिन्न शब्दहरूको प्रयोग देखिन्छ भने यसमा पारिभाषिक शब्दहरू पनि थुप्रै रहेका छन्, जसमा जासुस, गुह्य, साम, पेनिन्सुलर युद्ध, रजौटा आदि शब्दहरूको प्रयोग भएको पाइन्छ। राजनीतिसँग सम्बन्धित शब्दहरू, कुटनीति, एकीकरण, राष्ट्रघाती शब्दहरू प्रयोग भएको पाइन्छ।

आधारभूत तहका कक्षा ७ र ८ का पाठ्यपुस्तकमा जम्मा १२ वटा कथाहरू राखिएका छन्। कक्षा सातमा ६ वटा र आठमा ६ वटा रहेका छन्। जसमा पाठ्यक्रमले तोकेबमोजिम सामाजिक, पौराणिक, लोककथा, नीतिकथा, ऐतिहासिक कथाहरू पाठ्यपुस्तकमा समावेश रहेका छन्। सबै कथाहरूले विद्यार्थीलाई आफ्नो-आफ्नो किसिमको शिक्षा दिने अभिप्रायले राखिएका छन् भने विद्यार्थीको भाषिक सिपमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ।

आधारभूत तहका नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूमा सरल किसिमका शब्दहरू प्रयोग गरिएका छन्। कुनै कुनै कथामा नयाँ शब्दहरू बढी राखिए पनि अर्थहरू दिएर त्यसलाई बुझ्न सहज भएको देखिन्छ।

जटिल किसिमका शब्दहरू भएका कथामा अर्थहरू प्रशस्त दिएको पाइन्छ। त्यसैले कक्षा सात र आठमा समावेश भएका कथाहरू विद्यार्थीले बुझ्ने र पढ्न सक्ने देखिन्छ।

यसरी व्याकरण पनि पाठ्यक्रमले तोकेअनुरूपको नै देखिन्छ भने अभ्यासका लागि पाठ्यपुस्तकबाट नै प्रश्नहरू समावेश गरेको पाइन्छ। आगमन विधिबाट अभ्यासलाई अगाडि बढाइएको छ। उदाहरणहरू र अभ्यास पाठबाटै लिएको छ। कठिन शब्दहरूका लागि प्रशस्त परिभाषाहरू रहेका छन्। त्यसैले पाठ्यक्रमको उद्देश्यमा सहयोग पुग्ने किसिमका व्याकरण अभ्यासहरू र शीर्षकहरू रहेकाले व्याकरण खण्ड पाठ्यक्रमअनुरूप नै रहेका छन्।

# अध्याय सात

## सारांश, निष्कर्ष र उपयोगिता

पाठ्यक्रम विकास केन्द्रद्वारा तयार पारिएको आधारभूत तहको नेपाली पाठ्यपुस्तक देशभरका विद्यालयहरूमा अध्यापन गरिँदै आएको छ । यस अध्ययनले आधारभूत तहको वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू नेपाली भाषा पाठ्यक्रमका आधारमा तयार भएका छन् वा छैनन र भाषाका थोरै सिपको विकास गर्न कथाहरू सक्षम भएको, नभको आदि कुरामा केन्द्रित भई यो शोध अध्ययन गरिएको हो ।

### सारांश

प्रस्तुत शोधपत्र छ अध्यायमा विभक्त छ । यसका पहिलो अध्याय शोध परिचयसँग सम्बन्धित छ । यसअन्तर्गत पृष्ठभुमि, शोधशीर्षक, शोधकार्यको प्रयोजन, समसयाकथन अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन शोधपत्रको रूपरेखा रहेको छ ।

दोस्रो अध्याय पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । यसका कथाको परिभाषा, कथा तत्त्व, कथाको वर्गीकरण कथाको आवश्यकता र महत्त्वका साथै कथा शिक्षण विधि उल्लेख गरिएको छ ।

तेस्रो अध्यायमा अध्ययन विधि र प्रक्रियासँग सम्बन्धित छ । यस अन्तर्गत सामग्री सङ्कलन विधि, तथ्याङ्क सङ्कलनका स्रोतहरू, विश्लेषण र व्याख्या रहेका छन् ।

अध्याय चार पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलनात्मक अध्ययन तथा विश्लेषणसँग सम्बन्धित छ । यसअन्तर्गत पाठ्यक्रमको उद्देश्य अनुरूपताको दृष्टिकोणले कथाहरूको व्याख्या तथा विश्लेषण, संरचना, भाषिक सीप व्याकरण तथा शब्दभण्डारका

आधारमा कथाहरूको व्याख्या तथा विश्लेषण, पाठ्यपुस्तकमा समाविष्ट भएका कथा विधाका लागि सुझावहरू रहेका छन् ।

पाँचौ अध्यायमा सारांशमा प्रत्येक अध्यायको सारलाई सङ्क्षेपमा दिइएको छ । निष्कर्षअन्तर्गत सिङ्गो शोधपत्रकै निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ र उपयोगिताअन्तर्गत शोधपत्रको औचित्य यसको उपयोग र प्रभावबारे बताइएको छ । यस अन्तर्गत सारांश, निष्कर्ष, उपयोगिता, शैक्षणिक प्रयोजन र भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू दिइएको छ ।

**निष्कर्ष**

आधारभूत तहको वर्तमान पाठ्यक्रमले कक्षा सातमा ६ वटा आठमा पनि ६ गरी जम्मा बाह्र कथालाई छुट्याई पाठ्यपुस्तकमा समावेश गरेको छ ।

- छुट्टाछुट्टै लेखकका कथाहरू भएकाले सबै लेखकबाट परिचित हुने मौका पाएका छन् ।
- पाठ्यक्रमका उद्देश्यहरू पूरा गर्ने प्रयोजनार्थ कथा विधाअन्तर्गत कक्षा सातमा तीन वटा सामाजिक कथा, एक लोककथा, एक नीति र एक पौराणिक कथा रहेका छन् भने आठमा दुई सामाजिक कथा, एक पौराणिक, एक नीति कथा, एक ऐतिहासिक कथाहरू समावेश गरिएको छ ।
- शब्द, वाक्य र पाठको लम्बाइलाई ध्यानमा राखेर समावेश गरिएका कथाहरू प्रायः मध्यम स्तरका नै छन् ।
- सुनाइ र बोलाइ भई आफूले देखेका, सुनेका र अनुभव गरेका कुराहरूलाई समेटी अभिव्यक्ति दिने प्रसङ्गमा उक्त कथाहरू सहयोगी साबित भएका छन् ।

- कथाहरूमा प्रयोग भएका कतिपय शब्दहरू विद्यार्थीहरूको स्तर सुहाउँदा छैनन् । कथामा अत्यन्त सीमित मात्रामा उखानटुक्काको प्रयोग गरिएको हुनाले कथाको मध्यमबाट सिकाउन सकिने भाषिक सीप जति मात्रामा हुनुपर्ने त्यति सम्भव नभएको देखिन्छ ।

- उद्देश्यअनुरूप नै कार्यकलापहरूको निर्धारण गरी सुनाइ, बोलाइ पढाइ र लेखाइ चारवटै भाषिक सीपहरूको समग्र विकासतर्फ कथाका पाठहरू अग्रसर देखिन्छ ।

- भाषा पाठ्यपुस्तकमा विधागत पाठहरूमा एकीकृत गरी व्याकरण शिक्षण गर्नुपर्ने आधुनिक धारणालाई अवलम्बन गरेको पाइन्छ ।

- कथाहरू विद्यार्थीको उमेर, तह, क्षमता र रुचिअनुरूप नै देखिन्छन् ।

- व्याकरण शिक्षणमा आगमन विधिलाई समावेश गरेको पाइन्छ ।

**उपयोगिता**

अनुसन्धान एक औपचारिक र व्यवस्थित अध्ययन कार्य हो । अनुसन्धानमा विधि र पद्धतिलाई अवलम्बन गरी उद्देश्यसम्म पुग्ने गरिन्छ । यो ज्ञान आर्जनको माध्यम वा प्रक्रिया हो । उद्देश्यसम्म पुग्नका लागि गरिने अध्ययन व्यवस्थित हुनु आवश्यक हुन्छ । अनुसन्धानका विविध विषय र क्षेत्रहरूमध्ये भाषिक अनुसन्धान पनि एउटा महत्त्वपूर्ण क्षेत्र हो । यस पक्षसँग सम्बन्धित प्रस्तुत शोधपत्रको अध्ययनबाट यस विषयमा थप अनुसन्धान गर्न चाहने शिक्षक तथा अनुसन्धानकर्ताका लागि यो शोध अध्ययन उपयोगी हुनेछ । साथै यो पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माताहरूका लागि समेत उपयोगी हुने ठानिएको छ ।

आगामी दिनमा शोधकार्य गर्न चाहनेहरूका निम्ति समेत यो मागदर्शक हुनेछ । सिद्धान्त उठाएका कुराहरूलाई व्यवहारमा प्रयोग गरेर देखाउने प्रचलन ज्यादै न्यून छ । यस अध्ययनमा पाठ्यक्रमले औल्याएका र पाठ्यपुस्तक समेट्न सकेका वा नसकेका कुराहरूको छिनो फानो गरिएको हुँदा पनि सम्बन्धित पक्षका निम्ति यो उपयोगी हुने ठानिएको छ ।

**शैक्षणिक प्रयोजन एवम् सुझाव**

(१) यस तुलनात्मक अध्ययनले आधारभूत तहका भाषा पाठ्यपुस्तक एवम् पाठ्य सामग्रीहरू निर्माण गर्दा पाठ्यक्रम अनुरूप बनाउन सचेत गराउने छ ।

(२) यस तुलनात्मक अध्ययनले पाठ्यसामग्रीहरू विद्यार्थीहरूको रुचि, स्तरअनुरूप भए नभएको पहिचान गरी स्तर अनुकूलता अपनाउनु पर्ने आवश्यकता बोध गराउने छ ।

(३) यस तुलनात्मक अध्ययनले कथा विधामा रहेका कमीकमजोरीहरू पहिल्याई तिनको निराकरण गर्न सहयोग पुग्ने छ ।

**भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू**

प्रस्तुत अध्ययनका क्रममा अनुभव गरिएका अध्ययन हुन बाँकी रहेका तथा यस अध्ययनमा गर्न नसकिएका केही भावी शीर्षकहरू निम्न बुँदाहरूमा दिइएका छन् :

(क) विभिन्न भाषा पाठ्यपुस्तकका छनोट र स्तरणका आधारमा पाठ्यवस्तु र शब्दभण्डारको अध्ययन ।

(ख) कक्षा एकदेखि पाँचसम्मका नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन ।

(ग) पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा चारको मेरो नेपाली किताबको तुलनात्मक अध्ययन ।

(घ) कक्षा सातको पाठ्यपुस्तकमा समावेश भएका निबन्धको अध्ययन ।

(ङ) कक्षा दशको पाठ्यपुस्तकमा भएका कथा अध्ययनको विश्लेषण ।

# सन्दर्भसामग्री सूची

अर्याल, रमा (२०७४), *स्नातक तहको नेपाली पाठ्यक्रममा समाविष्ट कथाहरूको भाषिक अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

आचार्य, कुश्मिला (२०७४), *नेपाली आख्यान र नाटक,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

ओझा, लक्ष्मीराज (२०७३), *कक्षा नौको नयाँ (२०७३) र पुरानो (२०७४) नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खनाल, गीता (२०६६), *कक्षा चारको मेरो नेपाली किताब र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खनाल, पेशल (२०७४), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

थापा, नुकबहादुर (२०७४), *माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलनात्मक अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, सविता (२०७०), *कान्तिपुर दैनिक पत्रिकाको कोपिलामा प्रकाशित बालकथाको भाषिक अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

बोहरा, हर्कबहादुर (२०६७), *कक्षा छ र सातको पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको तुलनात्मक अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, देवकुमारी (२०७३), *कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समविष्ट कथाहरूको भाषिक अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।


भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन प्रा. लि. ।

भण्डारी, दीपकबहादुर (२०७३), *कक्षा नौको नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन,* ( स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

यादव, शुशिला कुमारी (२०६९), *कक्षा दश र एघारको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुप्त कथाहरूको तुलनात्मक विश्लेषण,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

लामिछाने यादवप्रकाश र गीता लामिछाने (२०६८), *नेपाली कथा - उपन्यास,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

# व्यक्तिवृत्त



| | | |
|---|---|---|
| नाम | : | मन्दिरा बास्कोटा |
| जन्ममिति | : | २०४५-०५-०२ |
| ठेगाना | : | डाँगीबारी-७, झापा |
| बुवाको नाम | : | दिननाथ बाँस्कोटा |
| आमाको नाम | : | कृष्णकुमारी बाँस्कोटा |
| नागरिक | : | नेपाली |
| लिङ्ग | : | महिला |
| तह | : | स्नातकोत्तर तह (एम.एड.) |
| सम्पर्क नं. | : | ९८४४६११८९५ |

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री जनआदर्श उ.मा.वि., झापा | २०६२ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | आदर्श उ.मा.वि., झापा | २०६४ | द्वितीय |
| स्नातक तह (बी.एड.) | कन्काई बहुमुखी क्याम्पस, झापा | २०६९ | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७७ | |